# पत्रकारको
# अधिकार र जिम्मेवारी




## हाते किताव

**संचार अधिकार केन्द्र**

# पत्रकारको
# अधिकार र जिम्मेदारी
## हाते किताव

संचार अधिकार केन्द्र (Centre for Media Rights)
मिडिया सर्भिसेज इन्टरनेशनल (MSI)

# पत्रकारको अधिकार र जिम्मेवारी : हाते किताब

**लेखन**

विनयकुमार कसजू

**सम्पादन**

हेमबहादुर विष्ट

**प्रकाशक**

संचार अधिकार केन्द्र (Centre for Media Rights)

मिडिया सर्भिसेज इन्टरनेशनल (MSI)

*यो हाते किताव प्रकाशन गर्न (Nepal Media and Democratic Strengthening Project) कार्यक्रम अन्तर्गत क्यानेडेली अन्तर्राष्ट्रिय गैरसरकारी संस्था IMPACS को सहयोग प्राप्त भएको छ ।*

**ISBN 999-46-32-40-X**

# भूमिका

स्वतन्त्र प्रेसमाथि जहिले पनि खतरा आइरहेको हुन्छ । यसैले संसारका प्रायः सबै ठाउँमा प्रेस एकातिर सुसूचित, आत्मनिर्भर, समतामूलक तथा न्यायपूर्ण समाजको लागि लडिरहेको हुन्छ भने अर्कोतिर आफ्नै स्वतन्त्रता, आत्मनिर्भरता र अस्तित्वको युद्ध लडिरहेको हुन्छ ।

जहाँ प्रेस स्वतन्त्र, आत्मनिर्भर, बहुलवादी, निष्पक्ष, विश्वसनीय तथा आमजनताको पक्ष र पहुँचमा हुन्छ त्यहाँ प्रजातन्त्र सुरक्षित हुन्छ । बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछि नेपालले विकास गरेको एउटा प्रमुख क्षेत्र पत्रकारिता हो । प्रेस स्वतन्त्राको मामिलामा हाम्रो संविधानले विश्वमा प्रचलित अधिकांश सिद्धान्तहरूलाई शिरोधार्य गरेको देखिन्छ । तैपनि बितेको आठ वर्षदेखि विद्यमान राजनीतिक व्यवस्थामाथि गम्भीर हाँक आइरहेको छ । अहिले आएर नेपाली प्रेसले प्रेस स्वतन्त्रताको पक्षधर संविधान र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको रक्षा गर्न पर्याप्त भूमिका खेल्न सक्यो कि सकेन भन्ने प्रश्न उठ्न थालेको छ । फलस्वरूप नेपाली प्रेसले आफ्नो भूमिकामाथि पुनर्विचार गर्नुपर्ने बेला आएको स्पष्ट छ ।

एकातिर प्रेसले प्रजातन्त्रलाई जोगाउन नसकेको अवस्था देखिएको छ भने अर्कोतिर प्रजातन्त्रले प्रेसलाई जोगाउने त के कुरा प्रेस नै राज्य तथा विद्रोहीहरूको आक्रमणको तारो भइरहेको छ । पत्रकार, प्रकाशन तथा मिडियामाथि आक्रमण, भौतिक तथा मानसिक यातनाको क्रम बढिरहेको छ । फलस्वरूप नेपाली प्रेस सिद्धान्ततः स्वतन्त्र देखिए पनि व्यवहारमा हरेक शब्द र चित्र सर्वप्रथम प्रेसकै स्वसेन्सरको (सेल्फ सेन्सरसिप) शिकार भइरहेको छ । नेपाली प्रेस अहिले आफ्नो मौलिक भूमिका, कर्तव्य, दायित्व र अधिकारबाट बंचित छ । यो परिस्थितिमा नेपाली प्रेसलाई प्रजातन्त्रको पहरेदारी गर्ने भूमिका खेल्नसक्ने सक्षम र सबल कसरी बनाउने भन्ने हाँक नेपाली प्रेस जगतसमक्ष उभिएको छ ।

रेडियो र टेलिभिजनको संख्या बढेको हेर्दा नेपाली मिडियाको फैलावट र पहुँच निक्कै बढेको देखिएता पनि वास्तवमा न्युज मिडिया नब्बे प्रतिशत नेपालीको पहुँच बाहिर छ । मिडिया अहिले पनि शहरका शिक्षित र राजनीतिक तथा व्यापारिक रूचि भएका सयकडा १० भन्दा थोरै नेपालीहरूबीच सीमित छ ।

प्रेसमाथि आइलागेको बहुआयामिक हाँक स्वीकार गरेर प्रेसलाई प्रजातन्त्रको पहरेदारको भूमिका खेल्नसक्ने सबल, विश्वसनीय

र लोकप्रिय बन्न, बनाउनका लागि विभिन्न क्षेत्रमा सुधार र संघर्ष गर्नुपर्ने देखिन्छ । सारमा एकातिर प्रेसलाई सुरक्षित र स्वतन्त्र रूपमा काम गर्ने परिस्थितिको खाँचो छ भने अर्कोतिर प्रेस आफैले पनि प्रजातन्त्रको पहरेदारी गर्नसक्ने क्षमता हासिल गर्नु जरूरी छ ।

प्रेस स्वतन्त्रताको अभ्यास गर्नका लागि सर्वप्रथम मिडियाको विद्यमान वैधानिक तथा कानुनी परिवेश थाहा पाउनु अति आवश्यक हुन्छ । मिडियामा काम गर्ने मानिसहरूलाई आफ्नो अधिकार र कर्तव्यबारे कानुनी आधारको ज्ञान हुनु आवश्यक छ । अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता, पत्रकारहरूको अधिकार र कर्तव्यसम्बन्धी अन्तर्राष्ट्रिय घोषणा, सन्धिसम्झौता तथा लिखतहरूका साथै रष्ट्रिय नीति ऐन, कानुन र व्यवहारबारे जानेपछि मात्रै उद्देश्यमूलक पत्रकारिता गर्न सकिन्छ । यसैले यो किताबको प्रमुख लक्ष्य प्रेस जगत नै हो ।

द्वन्द्वरत पक्षहरूमा प्रेसको काम कर्तव्य र अधिकारबारे जानकारीको कमीले गर्दा नेपाली प्रेस द्वन्द्वको सिकार बन्ने क्रम बढिरहेको देखिएको छ । नीति नियम बनाउने, निर्णय गर्ने र नियम कानुन पालन गर्ने गराउने जिम्मा बोकेका नेतृत्वतहदेखि

कार्यान्वयनतहका जिम्मेवार व्यक्तिहरूले प्रेसको काम, कर्तव्य, अधिकार र भूमिकाबारे बुझे भने उनीहरूबाट सूचना प्रवाह गराउन तथा प्रेसप्रति गरिने व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । अतः यो किताबको अर्को लक्ष्य जिम्मेवारीमा बसेका व्यक्तिहरू र द्वन्द्वरत पक्षहरूलाई मिडियाप्रति सचेत र जिम्मेवार बन्न सघाउनु हो ।

जनताकै लागि मरिमेट्ने प्रेसबारे जनताको अनभिज्ञताले गर्दा प्रेसमाथि आपत आइलाग्दा त्यसलाई जोगाउन जनता जाग्ने परिस्थिति नेपालमा बनिसकेको छैन । विकसित समाजमा झैं जनताले प्रेसको खोट औंल्याएर यसलाई सपार्न सघाउने अवस्था पनि हामीकहाँ छैन । तर तीतो सत्य के हो भने प्रेसलाई जनताले नै जोगाउनु पर्छ । मिडियाबारे चेतना र चासो बढेर प्रेसप्रति जनताको माया र दायित्व पनि बढ्न सकेमात्र प्रेस सुरक्षित हुन्छ । अतः स्वतन्त्र प्रेसबारे चेतना बढाउनु यो किताबको मूल ध्येय हो । धन्यवाद ।

विनयकुमार कसजू

# विषय सूची


**नेपाली प्रेस र द्वन्द्व रिपोर्टिङ** १

*१.१ पत्रकारिता र पत्रकार* १

*१.२ प्रजातन्त्रमा प्रेसको भूमिका* ८

*१.३ द्वन्द्व र प्रेस* १२

*१.४ द्वन्द्व रिपोर्टिङ : नेपालको केही अनुभव* ३२

**पत्रकारहरूको नैतिक तथा व्यावसायिक जिम्मेवारी** ४७

*२.१ पेशागत नैतिकता, आचार र व्यवहार* ४७

*२.२ मानहानी* ५१

*२.३ अदालतको मानहानी* ५५

*२.४ पत्रकार र समाचारको स्रोत* ५६

*२.५ प्रेस विज्ञप्ति, पत्रकार सम्मेलन र अन्तर्वार्ता* ६०

*२.६ पत्रकार र राजनीतिक नेता* ६१

*२.७ उपहार र पत्रकार* ६३

*२.८ पार्टी, रक्सी र पत्रकार* ६४

**पत्रकारको अधिकार** ६७

*३.१ विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकसम्बन्धी अन्तर्राष्ट्रिय घोषणा, सम्झौता र आलेख* ६७

*३.२ नेपालमा प्रेस स्वतन्त्रता र बन्देजसम्बन्धी संवैधानिक र कानुनी आधारहरू* ७२

३.३ पत्रकारहरूको अधिकार र कर्तव्यबारे अन्तर्राष्ट्रिय दस्तावेज तथा विभिन्न देशको अभ्यास ८०
३.४ अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र गोपनीयताको अधिकार १०३

**परिशिष्ट** **१०७**
४.१ जनताको संचार अधिकार बडापत्र १०७
४.२ पत्रकार आचार संहिता २०६० ११७

*यो हाते किताव* **www.cmr.org.np** *वेबसाइटमा राखिएको छ । कितावको वेबसाइट संस्करणमा विषयवस्तुलाई सान्दर्भिक बनाउने र ताजा जानकारी तथ्य थपिंदै जानेछ ।*

संचार अधिकार केन्द्र

# १ नेपाली प्रेस र द्वन्द्व रिपोर्टिङ

## १.१ पत्रकारिता र पत्रकार

### पत्रकारिता

अखबार, रेडियो, टेलिभिजन, अनलाइन पत्रिकालगायत आमसंचारका माध्यमहरूलाई उपयोग गरी समाचारीय मूल्यका सामग्री संकलन, उत्पादन, प्रशोधन तथा प्रेषण गर्नु पत्रकारिता हो । पत्रकारिता अभिव्यक्ति र लेखनमात्रै होइन । पत्रकारिताले मानिसहरूको नयाँनयाँ र अनौठा कुरा जान्ने स्वभाव र चाहना पूरा गर्नुपर्छ । अरू लेखन, प्रकाशन र प्रसारण समय सीमामा बाँधिएको हुँदैन तर पत्रकारिता समयसँग सम्बन्धित हुन्छ । सारमा, बहुजन उपयोगी, नवीनतम रूचिका समसामयिक सामग्रीहरू संकलन, सम्पादन र प्रकाशन वा प्रसारण गरी लक्षित समुदायलाई सूचित, शिक्षित, मनोरंजित, उत्प्रेरित गर्नु तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर उपलब्ध गराउनु पत्रकारिताको काम हो ।

पत्रकारिता समाचार र विचार दुबै हो तर यसले समाचार र विचारको भेद बुझेको हुन्छ र दुबैलाई मिसाउने वा एउटाको नाममा अर्को वस्तु दिने गर्दैन । पत्रकारिता केही आधारभूत सिद्धान्तहरूको आधारमा काम गर्छ । पत्रकारिताको आत्मा वस्तुनिष्ठता (Objectivity) हो । निष्पक्षता (Impartiality), बिना पत्रकारिता बाँच्न सक्तैन । स्वतन्त्रता/आत्मनिर्भरता (Independence), पत्रकारितालाई निष्पक्ष बनाउने आधार हो । निर्भीकता (Fearlessness) तथा उत्तरदायित्व (Responsibility) पत्रकारिताका आधारभूत गुण हुन् । समाचार चिन्ने खुबी (नोज फर न्युज), सत्यप्रति सम्मान, शब्दहरूप्रति संवेदनशीलता तथा निश्चित लक्ष्य वा उद्देश्य पत्रकारिताका लागि चाहिने अन्य आवश्यक गुणहरू हुन् ।

पत्रकारिता व्यवसाय पनि हो । यसले अखबार, रेडियो, टेलिभिजन तथा वेबसाइटमा राखिने सामग्रीको बिक्री वितरण गर्छ भने अर्कोतिर विज्ञापन प्रकाशित, प्रसारित र प्रवाहित गरेर पैसा कमाउँछ । पहिले प्रेसलाई बचाउन विज्ञापन र विज्ञापनदिने व्यवसायी (उद्योगी तथा व्यापारी) को आवश्यकता हुन्थ्यो किनकि पत्रकारिता व्यवसाय गर्न र अखबार, रेडियो, टेलिभिजन तथा

वेबसाइटहरू आमजनतालाई सस्तोमा उपलब्ध गराउन विज्ञापनबिना संभव हुँदैन । तर अहिले आएर स्थिति फेरिएको छ । एकातिर पत्रकारिता व्यवसाय नाफामुखी हुँदै गएको छ भने अर्कोतिर विभिन्न व्यवसायीहरूका लागि प्रेस चाहिएको छ । व्यापारी तथा उद्योगीहरूलाई आफ्नो सामान र सेवाको विक्री बढाउनमात्र होइन सरकार र नीति निर्माताहरूलाई प्रभावित पारेर आफ्नो व्यापारिक साम्राज्य विस्तार गर्न वा हित सिद्ध गर्नका लागि ठूला व्यवसायीहरूलाई प्रेस चाहिएको छ । यो प्रवृत्ति हामीकहाँ पनि देखिन थालेको छ । यसैले मिडियाप्रति जनचेतना बढाउनु र प्रेसमाथि नागरिक निगरानीको आवश्यकता निरन्तर बढिरहको छ ।

**विख्यात पत्रकार जोसेफ पुलित्जरका आधारभूत मान्यताहरू**

***प्रेस यस्तो संस्था हो जसले हमेसा प्रगति र सुधारको लागि संघर्ष गरिरहनुपर्छ । अन्याय र भ्रष्टाचारलाई कहिल्यै सहनु हुँदैन । सबै राजनीतिक दलका सिद्धान्तहीन नेताहरूसँग जुध्नुपर्छ । आफू स्वयं कुनै पार्टीको हुनुहुँदैन । समाजका शोषकहरूको विरोध गर्नुपर्छ । निमुखाहरूप्रति सहानुभूति कहिल्यै गुमाउनु हुँदैन । सार्वजनिक***

*हितका निम्ति सँधै प्रतिवद्ध हुनुपर्छ । खबर छापेर मात्रै सन्तुष्ट हुनुहुँदैन । सर्वदा, सर्वथा स्वतन्त्र, आत्मनिर्भर रहनुपर्छ । अन्याय चाहे हत्यारा सम्पन्नताले गरेको होस् कि घातक विपन्नताले गरेको होस्, कुनै पनि अन्यायमाथि प्रहार गर्न कहिल्यै डराउनु हुँदैन ।*

## पत्रकार

पत्रकारले आमसंचार माध्यममा प्रकाशित वा प्रसारित हुने सामग्री संकलन, लेखन, सम्पादनमध्ये कुनै वा सबै काम गर्छ । पत्रकारको कामलाई दुई भागमा बाँड्नसकिन्छ । पहिलो काम हो : समाचार संकलन गर्नु र पठाउनु । दोस्रो काम हो : समाचारको आधारमा घटना वा विषयलाई अर्थ्याउनु, विश्लेषण गर्नु र विचार वा मत व्यक्त गर्नु । अखबार, पत्रिका, रेडियो, टेलिभिजन, अनलाइन पत्रिका तथा समाचार समितिका लागि समाचार पठाउने समाचारदाता, स्तम्भकार, सम्पादक तथा समसामयिक तथा जनसरोकारका विषयमा लेख्ने लेखक सबै पत्रकार हुन् ।

पत्रकारले कहिले फिल्डबाट समाचार पठाइरहेको हुन्छ, कहिले समाचार, लेख, सम्पादकीय, विश्लेषण लेखिरहेको हुन्छ, कहिले अरूले लेखेको समाचार र लेखको पुनर्लेखन र सम्पादन गरिरहेको

हुन्छ , कहिले अखबारको कार्यालयको कुनै डेस्कमा बसेर काम गरिरहेको हुन्छ, कहिले पत्रिका कसरी सजाउने, फोटो कहाँ राख्ने, शीर्षक के राख्ने भनेर घोत्लिरहको हुन्छ । आमसंचार माध्यम र प्रविधिको विकाससँगै पत्रकारको काम र पदको विविधता पनि बढ्दै छ ।

पत्रकारमा केटाकेटीजस्तो जाँगर र चंचलता, हरेक कामकुराबारे जान्ने जिज्ञासा, आन्दोलनकारीको जस्तो जोश, लगनशीलता र फूर्ति, मौरीले रस खोजे जस्तो धुनपत्ताल लगाएर सत्य खोज्ने, आफ्नो क्षेत्रमा सँधै पहिलो हुने र अगुवाइ गर्ने प्रवृत्ति र गुणहरू हुनुपर्छ ।

प्रभावकारी लेखन, प्रस्तुतीकरण, संपादन, अनुसन्धान/ खोज, समाचार संप्रेषण प्रविधि, जनसम्पर्क, फोटोग्राफी, कम्प्युटर, इमेल, इन्टरनेट संचालन आदि पत्रकारले जन्नै पर्ने आधारभूत सीप र प्रविधि हुन् ।

पत्रकारको मुख्य काम मानिसहरूसँग संचार, छलफल, कुराकानी, विचार बाँडचुँड गर्नु हो । तर मानिसहरूसँग बाँडचुँड गर्नका लागि पत्रकारसँग मानिसहरूलाई कामलाग्ने र उनीहरूले रूचाउने

कुरा पनि हुनुपर्छ । आखिर मानिसहरूलाई कामलाग्ने, उनीहरूलाई चाहिने र रूचाउने कुरा के हो ? पत्रकारले यो कुरा पत्ता लगाउनै पर्छ र यसै प्रयासमा उसको मेहनत र समय खर्च हुन्छ । यसको लागि ऊ एकै ठाउँमा बसेर हुँदैन, चल्तापुर्जा हुनुपर्छ । अनेक थरीका मानिसहरूसँग चिनजान, भेटघाट, कुराकानी गर्नुपर्छ । मानिसहरूको मनको कुरा कसरी मुखबाट निकाल्न लगाउने भन्ने सीप जान्नुपर्छ । उसको मन र मस्तिष्क हमेसा आफ्ना लक्षित समूहमा केन्द्रित हुनुपर्छ । आमजनताको भावना, विचार, रूचि, हित, समस्या, आवाज तथा जीवनको ढुकढुकी पत्रकारले बुझेको हुनुपर्छ । केवल भाषा, लेखन, व्याकरणको ज्ञान र बोल्ने क्षमता हुँदैमा पत्रकार भइँदैन ।

अहिलेको पत्रकारले कलमले लेखेर काम चल्दैन । उसले सोझै कम्प्युटरमा लेख्न, सम्पादन गर्न र इमेल गरेर समाचार पठाउन र पाउन जान्नुपर्छ । उहिले पुस्तकालय, स्रोत व्यक्ति र अनुसन्धानका ठेलीहरू उसको सूचना र ज्ञानको स्रोत र आधार हुन्थ्यो भने अहिले इन्टरनेट उसको उपयोगी र अभिन्न मित्र हो । ऊसँग इन्टरनेट चलाएर आफूलाई चाहिएको जानकारी खोज्ने सीप हुनुपर्छ ।

पत्रकारिता पेट पाल्ने जागिरमात्र नभएर जीवनको एउटा लक्ष्य हासिल गर्ने मिसन पनि हुनुपर्छ । यो पेशामा काम, माम र आनन्द पनि हुन्छ । पत्रकारको काम १० देखि पाँच बजेको समयभित्र सीमित हुँदैन । ऊ निदाएको बेलामा बाहेक हमेसा समाचारकै धुनमा हुन्छ । कहिलकाहीं त ऊ सपनामा पनि समाचार खोजिरहेको हुन्छ ।

सूचना र संचारको विकासका साथै मिडियाको शक्ति पनि दिनदिनै बढिरहेको छ । पत्रकार मिडिया शक्तिको सिपाही हो । उसले आफ्नो शक्तिको सही उपयोग गर्नसक्नु पर्छ । यसको लागि उसले राष्ट्रिय हित र विभिन्न शक्ति केन्द्रहरूको हित छुटयाउनसक्नु पर्छ । उसलाई देशभित्र र बाहिरका शक्ति केन्द्रहरू, खास गरी राजनीतिक र आर्थिक हितमा आधारित केन्द्रहरूबारे थाहा हुनुपर्छ । अन्यथा ऊ थाहै नपाई कुनै शक्ति केन्द्रको हतियार बन्नसक्छ ।

पत्रकार कलमको सिपाही हो । कुनै कम्पनीको दलाल होइन । उसले आफ्नो पेशा इमान्दारी र निष्ठापूर्वक गऱ्यो भने उसले काम गर्ने संस्था र मिडियाको इज्जत र आम्दानी दुबै बढ्छ । तर पत्रकार आफू काम गर्ने संस्थाको लागि पैसा कमाइदिने

दलाल भने पक्कै पनि होइन । किनकि उसको सर्वोपरि निष्ठा राष्ट्र र समाजप्रति हुन्छ, व्यक्ति वा मिडिया मालिकप्रति होइन ।

## १.२ प्रजातन्त्रमा प्रेसको भूमिका

प्रजातन्त्र भनेको जनताको जनताका लागि जनताबाटै गरिने शासन व्यवस्था हो । यसको लागि जनमतकै मुख्य भूमिका हुने हुनाले प्रजातन्त्रमा पहिलो काम हो सही जनमत बनाउनु । सही जनमत बनाउने काम प्रेसले गर्छ । यसैले अमेरिकाका भूतपूर्व राष्ट्रपति टमस जेफर्सनले भनेका थिए, "यदि मैले अखबार बिनाको सरकार र सरकार बिनाको अखबारमध्ये एउटा रोज्नु पर्‍यो भने कत्ति पनि नअल्मलिई म पछिल्लोलाई रोज्नेछु ।"

सोच्ने र सोचेको कुरा अभिव्यक्त गर्ने मानिसमा अन्तर्निहित गुण हो । मानिसलाई बाँच्नको लागि विभिन्न प्रकारका सूचना, जानकारी र ज्ञानको आवश्यकता हुन्छ । उहिले जंगलमा शिकार खोज्नेदेखि लिएर अहिले संसदमा प्रतिनिधि पठाउनको लागि पनि मानिसलाई सूचना नभई हुँदैन । सही निर्णय लिनका लागि सही सूचना चाहिन्छ । यसैले प्रजातान्त्रिक व्यवस्थामा सूचना पाउने र विचार अभिव्यक्त गर्ने हकलाई मानिसको आधारभूत अधिकार मानिन्छ ।

प्रजातान्त्रिक व्यवस्थाको प्रादुर्भाव हुनुभन्दा पहिले, सामन्ती तथा निरंकूश राजतन्त्रात्मक व्यवस्थामा राजालाई ईश्वरको अवतार मानिन्थ्यो र राजाले गल्ती गर्दैन भनिन्थ्यो । त्यस्तो बेलामा राजा वा राज्यले कुनै निर्णय किन र कसरी गऱ्यो भनेर जनतालाई भन्नु आवश्यक ठानिन्नथ्यो । केवल के निर्णय गरियो भन्ने जानकारी दिनु पर्याप्त मानिन्थ्यो ।

प्रजातान्त्रिक व्यवस्थामा जनता नै राज्यका मालिक हुन्छन् र सरकार जनताप्रति उत्तरदायी हुन्छ । यसैले सरकारका नीति, कार्यक्रम, त्यसले गरेका असल र खराब कामहरूबारे जान्न पाउने अधिकार जनतासँग हुन्छ । सरकार लोकप्रिय हुन र त्यसका नीति तथा कार्यक्रम सफल हुनका लागि पनि सुसूचित र सचेत जनताको आवश्यकता हुन्छ । सुसूचित र सचेत नागरिकबिना न त सरकार दिगो हुन्छ न प्रजातन्त्र दिगो हुन सक्छ ।

प्रजातान्त्रिक व्यवस्था जनताको निर्णयबाट चल्ने व्यवस्था हो । आफूले भोट दिएर चुनेर पठाएका आफ्ना वारेसहरू र आफूले तिरेको करबाट पालिएका सार्वजनिक जिम्मेवारीको पदमा बस्ने जो सुकैको कामको बारेमा जान्ने अधिकार जनतालाई हुन्छ ।

उनीहरू जनताको समस्या र देशको उन्नतिबारे के गर्दैछन्, के सोच्दैछन् र के भन्दैछन् ? उनीहरू जनताको काममा लागेका छन् कि व्यक्तिगत स्वार्थमा भुलेका छन् ? यी कुराहरू थाहा पाउने हक जनतासँग हुन्छ । सरकारलाई जनताप्रति उत्तरदायी बनाउन सरकारले गरेका हरेक काम कुराबारे जनतालाई सूचित गर्नैपर्छ ।

जनतालाई सुसूचित गरेर प्रजातन्त्रलाई सक्रिय, दिगो र सफल बनाउने महत्वपूर्ण काम प्रेसले गर्छ । प्रेसले एकातिर जनतालाई सुसूचित गरेर सही निर्णय गर्न र जनमत तयार पार्न सघाउँछ भने अर्कोतिर राज्यका प्रमुख तीन अंग–विधायिका, कार्यपालिका र न्यायपालिकाको निगरानी गरेर जनहितलाई सुरक्षित गर्न र प्रजातन्त्रलाई सबल गर्न सघाउँछ, यसैले प्रजातन्त्रमा प्रेसले चौथो अङ्गको दर्जा पाएको हो । प्रेसको काम जनतालाई सूचित गर्नु वा जनमत सिर्जना गर्ने मंच बन्नु मात्र होइन यसले सार्वजनिक पद र हैसियतमा बसेका सबैलाई आफ्नो कामप्रति जिम्मेवार बनाउन भूमिका खेल्नुपर्छ ।

जनताले चुनेका वारेसहरूले गल्ती गरे भने तिनलाई फेर्न र अर्को वारेस चुन्न चारपाँच वर्ष कुर्नुपर्छ । तर प्रेसले जनताका वारेसहरूको निगरानी गरेर उनीहरूलाई गलत काम गर्नबाट

रोक्न तथा पदत्याग्न वाध्य पार्नसक्छ । त्यस्तै सरकारले बनाएका नीति तथा योजनाहरू जनताले प्रतिनिधिमार्फत सोझै फेर्न नसक्ने अवस्थामा प्रेसले प्रभावकारी भूमिका खेल्नसक्छ । यस कारण प्रेसलाई स्थायी विपक्ष पनि भनिन्छ । हाल, कुनै एक राजनीतिक दलको बहुमतप्राप्त सरकार बन्न नसक्ने प्रवृत्ति धेरै ठाउँमा देखिएको छ । फलस्वरूप आपसमा घमासन विरोध गर्ने दलहरू पनि मिलेर संयुक्त सरकार बनाउने प्रवृत्ति बढिरहेको तथा सांसदको किनबेच र राजनीतिको अपराधीकरण बढिरहेको आजको परिस्थितिमा वास्तवमा प्रेसले मात्रै प्रतिपक्षको भूमिका खेल्नसक्छ ।

वास्तवमा पहरेदारी र प्रतिपक्षको भूमिका नै प्रजातन्त्रमा प्रेसको सर्वाधिक महत्वपूर्ण काम हो । तर यो भूमिका खेल्नु त्यति सजिलो छैन । नवप्रजातान्त्रिक देशमा यो भूमिका खेल्ने प्रेसमाथि कहिलेकाहीं अस्तित्वमै संकट आउनसक्छ । अर्कोतिर पाठक/श्रोता/दर्शकले पनि कहिले सरकार पक्षीय भयो त कहिले सरकारको अचाक्ली विरोध गर्‍यो भन्ने आरोप लगाउँछन् । जन्मकालदेखि नै प्रेसको यो भूमिकाले गर्दा सरकारहरूले यसलाई नियन्त्रण गर्ने उपायहरू गर्नथालेको देखिन्छ ।

## १.३ द्वन्द्व र प्रेस

झट्ट हेर्दा द्वन्द्व पत्रकारिताको खुराक जस्तो देखिन्छ । सेक्सजस्तै हिंसा र द्वन्द्व पनि प्रेसको बिकाउ माल हो । त्यसैले द्वन्द्व समाधान वा मध्यस्थता गर्नु व्यावसायिक पत्रकारिताको काम होइन भनिन्छ । रोग र रोगी बढे भने डाक्टरको काम बढ्छ । तर रोग निको पार्नु डाक्टरको पेशागत उद्देश्य हो । गलत निदान गर्ने र रोग बढाएर रोगीलाई ठग्ने डाक्टरहरू पनि नहुने त होइन । तर उसको प्रमुख व्यावसायिक उद्देश्य त रोगीलाई रोग मुक्त गर्नु नै हो । त्यस्तै जिम्मेवार पत्रकारले पनि द्वन्द्वलाई कमाउने माध्यम बनाउँदैन ।

कुनै पनि रोगको उपचार गर्न रोगीको राम्ररी जाँच र विश्लेषण गर्नुपर्छ । डाक्टर वा विशेषज्ञले सही सूचना पाएन भने रोग खुट्याउ र उपचार गर्न सकिँदैन । त्यस्तै द्वन्द्वको सही विश्लेषण भएन भने द्वन्द्व समाधान गर्नसकिँदैन । निष्पक्ष र सही समाचार प्रस्तुत गर्नु प्रेसको मुख्य काम नै हो । शान्त, समृद्ध, र सुखी समाज सिर्जना गर्नु प्रेसको अन्तिम लक्ष्य भएको हुनाले द्वन्द्व समाधान यसको अन्तर्निहित उद्देश्य हो । यसैले प्रेसको भूमिकालाई मध्यस्थको भूमिका भनेर धेरैले मानेका छन् ।

पत्रकारहरूलाई मध्यस्थहरूसँग दाँज्नुको पछाडि धेरै कारणहरू छन् । ती दुबैको काम द्वन्द्वको विश्लेषणबाट सुरू हुन्छ । उनीहरूलाई सत्यतथ्य चाहिन्छ । पेशाको हिसाबले पत्रकार र मध्यस्थ दुबैले कसैको पनि पक्ष लिनु हुँदैन । दुबैले छलफल गर्न र विचार पोख्न मंच उपलब्ध गराउँछन् तथा द्वन्द्वमा संलग्न झगडियाहरूलाई उनीहरूको विचार राख्न अवसर प्रदान गर्छन् । पत्रकार र मध्यस्थ दुबैले विवादको विषयलाई नयाँनयाँ ढंगले व्याख्या र प्रस्तुति गरेर झगडियाहरूलाई पुरानो ढर्राको सोचाइ त्यागेर पुनर्विचार गर्न र नयाँ ढंगले सोच्न लगाउँछन्, अनि उनीहरूले शिक्षा दिने काम पनि गर्छन् । साथै उनीहरूले नै झगडियाहरूले सम्झौताको पालना गरेको वा भंग गरेको कुराको निगरानी र रिपोर्टिङ पनि गर्छन् ।

वास्तवमा पत्रकारहरूले चाहे पनि नचाहे पनि उनीहरू मध्यस्थता गरिरहेका हुन्छन् । पत्रकारहरूको कामको प्रभाव मध्यस्थहरूको कामको परिणामभन्दा व्यापक हुन्छ । मध्यस्थहरूले भन्दा प्रेसले ठूलो समुदायलाई प्रभावित पार्छ । मिडियाको दृष्टिकोण र जनमतबाट द्वन्द्वरत पक्षहरूबीच चलिरहेको सम्झौता वार्ता प्रभावित हुनसक्छ । जनमतले स्वीकार नगरे सम्म सम्झौता

सफल हुनसक्तैन र जनमत सिर्जना गर्ने वा त्यसलाई डोऱ्याउने काम प्रेसले गर्छ ।

द्वन्द्व समाधानमा विशेष रूपमा संलग्न अमेरिकी संस्था ट्र्याक टुका रोबर्ट म्यानोफका अनुसार प्रेसले निम्नलिखित काम गरेर मध्यस्थको भूमिका खेल्छ :

१ **सञ्चार प्रवाहमा सहयोग गर्छ** : द्वन्द्वमा सामेल पक्षहरूका निम्ति प्रायः आमसंचार माध्यमहरू नै सञ्चारको सवैभन्दा महत्वपूर्ण माध्यम हुनेगर्छन् । वार्ताको टेबुलमा बसेको बेला एउटा पक्षले अर्को पक्षसँग भन्न हिच्किचाउने कतिपय कुराहरू उनीहरूले मिडियामार्फत भनिरहेका हुन्छन् ।

२ **एकअर्काको कठिनाइ बुझ्न सघाउँछ** : मेलमिलापसम्म पुग्न एउटा पक्षले भोग्नु परेका अप्ठ्याराहरू अर्को पक्षले जान्नु जरूरी हुन्छ । द्वन्द्वमा सामेल प्रत्येक पक्षका राजनीतिक दबाव वा आन्तरिक विवादजस्ता विशेष खालका समस्याहरूको खोजखबर गरी समाचार प्रस्तुत गर्ने पत्रकारिताले दिने जानकारीबाट एउटा पक्षले अर्को पक्षसँग तत्काल निर्णय लिन, कुनै कुराको समाधान खोजिहाल्न वा कस्ता मागहरू राखिहाल्न ठीक छैन भन्ने बुझ्न सहयोग पुऱ्याउनसक्छ ।

३ **विश्वासको वातावरण बनाउन सहयोग गर्छ :** द्वन्द्व बढ्नु र मध्यस्थताको गति घट्नुको एउटा मुख्य कारण विश्वासको अभाव हो । जल्दाबल्दा/विवादका विषयहरूको गहन अनुसन्धान गरी वास्तविकतालाई सार्वजनिक गरेर मिडियाले एकअर्काप्रतिको शंका घटाउन र एकअर्कासँग डराउनु पर्ने कुरा नभएको स्पष्ट पार्नसक्छ । असल पत्रकारिताले मेल मिलापका निम्ति संभव सबै प्रयासहरूलाई देखाएर पनि सघाउनसक्छ ।

४ **गलत दृष्टिकोणहरू सच्याउन सघाउँछ :** दुवै पक्षको एकअर्काप्रति भएको गलत वा भ्रमपूर्ण दृष्टिकोणहरू बुझेर र त्यसलाई प्रकाशमा ल्याएर मिडियाले विवादरत पक्षहरूलाई आआफ्नो दृष्टिकोण सच्याउन र द्वन्द्व घटाउन प्रेरित गर्नसक्छ ।

५ **द्वन्द्वरत पक्षहरूलाई मानिसको रूपमा चिन्न सघाउँछ :** नाम र अनुहारको परिचयसहित अर्को पक्षका बारेमा जान्नु द्वन्द्व घटाउने एउटा आवश्यक कदम हो । त्यसैले, वार्ताकारहरू दुवै पक्षलाई एउटै कोठामा राख्ने गर्छन् । पत्रकारिताले दुबै पक्षका प्रमुख व्यक्तिहरूको व्यक्तित्व र पृष्ठभूमि प्रकाशित गरेर यो काम गर्छ, जसले गर्दा बाहिर देखिने वैचारिक/सैद्धान्तिक पक्ष र

वक्तव्यका कुराहरूको पछाडि रहेका मानवीय पक्षहरूलाई आमनागरिकहरूले देख्न र बुझ्नसक्छन् ।

६ **भित्री स्वार्थहरूको पहिचान गराउँछ** : द्वन्द्व समाधान गर्ने प्रक्रियामा दुवै पक्षले एक अर्काको भित्री स्वार्थ वा मुख्य रुचि के हो भन्ने बुझ्नु आवश्यक हुन्छ । राम्रो रिपोर्टिङले नेताका वक्तव्यहरूको भित्री तहसम्म पुग्दै त्यसको वास्तविक अर्थ, भित्री चाहनाहरूलाई प्रकाशमा ल्याउने काम गर्छ । राम्रो रिपोर्टिङले नेताहरूको स्वार्थ वा रुचिभन्दा पर दृष्टि पुर्‍याएर समाजकै व्यापक हित खोज्छ ।

७ **भावनात्मक निकास गर्न सघाउँछ** : द्वन्द्व समाधानमा द्वन्द्वमा संलग्न हरेक पक्षलाई आआफनो गुनासो, दुखेसो वा रिस पोख्ने वा निकास गर्ने व्यवस्था/अवसर पनि हुनुपर्छ नत्र यो निराशा विस्फोट भएर वार्ता भंग हुन वा खल्बलिनसक्छ । मिडियाले दुवै पक्षलाई आफ्नो कुरा भन्ने माध्यम दिएर उपयोगी निकास दिनसक्छ । धेरैजसो गुनासाहरूलाई सडकमा उतार्नुको सट्टा मिडियामा पोख्नसकिन्छ । फलस्वरूप द्वन्द्वले हिंसात्मक रूप लिनुभन्दा अगावै यसलाई सुल्झाउने उपाय गर्नसकिन्छ ।

८ **द्वन्द्वलाई फरक वा बेग्लै ढंगले प्रस्तुत गर्छ** : मध्यस्थतामा समस्यालाई विभिन्न दृष्टिकोणबाट व्याख्या गर्नाले तनाव कम हुनसक्छ र वार्ता सुरू गर्न सहयोग पुग्छ । उही विषय, समाचार वा घटनामा पनि पाठकको ध्यान आकर्षित गराइराख्नका लागि व्यावसायिक पत्रकारिताले विभिन्न वा बेग्लाबेग्लै दृष्टिकोणले हेर्ने, वैकल्पिक विचार खोज्ने, नयाँ अन्तर्दृष्टि पत्ता लगाउने निरन्तर प्रयास गरिरहन्छ । राम्रो पत्रकारिताले द्वन्द्वलाई दुवै पक्षका लागि नयाँ ढंगले परिभाषित र व्याख्या गर्न सहयोग पुरयाउनसक्छ ।

९ **दोष र अपगालबाट जोगाउँछ र सहमतिको वातावरण बनाउँछ** : द्वन्द्वमा संलग्न दुवै पक्ष द्वन्द्व समाधानका निम्ति प्रयत्नरत रहँदा उनीहरूले आफना समर्थकहरूको शंका र डरलाई हटाउनु पर्ने हुन्छ । द्वन्द्वमा संलग्न नेताहरूका निम्ति मिडियाले सहमति निमार्ण, शरणार्थीका रूपमा रहेका वा निर्वासनमा बसेकाहरूसम्म आफ्नो कुरा पुऱ्याउन वा कुनै यस्तो निर्णयमा किन पुग्नुपऱ्यो भन्ने बुझाउन अवसर दिन्छ ।

१० **समाधानमा पुऱ्याउँछ** : द्वन्द्वमा आआफनो गुनासोको समाधानका निम्ति दुवै पक्षले ठोस प्रस्ताव अघि राख्नै पर्ने हुन्छ ।

राम्रो पत्रकारिताले द्वन्द्वमा संलग्न पक्षलाई सँधैको वा दिक्क लाग्दो नाराका ठाँउमा आफ्नो समाधान प्रस्तुत गर्न लगाउँदै दैनिक रिपोर्ट प्रस्तुत गरेर समाधानमा पुऱ्याउनसक्छ ।

११ **शक्ति सन्तुलनका निम्ति प्रेरित गर्छ** : द्वन्द्वमा संलग्न पक्षहरू जतिसुकै असमान स्थितिमा भएपनि सम्भौतामा बसेको बेलामा दुबै पक्षका कुरालाई बराबरी मात्रामा सुनिने छ वा दुबै पक्षलाई उत्तिकै मान्यता र ध्यान दिइने छ भन्ने विश्वास दुबै पक्षमा हुनुपर्छ । निष्पक्ष र सन्तुलित रिपोर्टिङले सवै पक्षप्रति उत्तिकै ध्यान पुऱ्याएर यही भूमिका खेल्छ । यसले वार्ताको टेवलमा गुनासाहरू सुन्न र समस्याको समाधान निकाल्न आवश्यक शक्ति सन्तुलन बनाइराख्न प्रेरित गर्छ ।

## द्वन्द्व रिपोर्टिङका नियमहरू

अमेरिका स्थित "द्वन्द्व व्यवस्थापन समूह" ले पत्रकारहरूका लागि द्वन्द्व रिपोर्टिङ गर्नका लागि निर्देशिकाको रूपमा एउटा सूची तयार पारेको छ । जिम्मेवार पत्रकारितालाई व्यवहारमा उतार्दै द्वन्द्व रिपोर्टिङ गर्नका लागि यो निर्देशिकालाई नमूनाको रूपमा उपयोग गर्नसकिन्छ ।

१ **द्वन्द्वमा संलग्न सबै पक्षलाई समेट्नु ।** निश्चय नै यो नियम पत्रकारिताको कुनै पनि आचार संहिताभित्र पर्ने सर्वमान्य नियम हो । यसको उद्देश्य हो समाचारका सबै पक्षलाई सत्य, न्यायपूर्ण तथा सन्तुलित ढंगले समेट्नु । मिडियालाई भ्रममा राख्ने वा गलत सूचना दिने काम सरकारी निकायहरूले मात्रै होइन विपक्षले पनि गर्नसक्छ भन्ने बिर्सनु हुँदैन । यस कारण प्रयास गर्दा पनि कहिलेकाहीं वस्तुगत स्थितिको स्पष्ट धारणा पाउन गाह्रो हुन्छ ।

पत्रकारहरूले द्वन्द्वमा संलग्न विभिन्न दृष्टिकोणलाई प्रस्तुत गर्नुपर्छ । त्यसो गर्न नसकिने स्थितिमा कम्तीमा पनि विभिन्न दृष्टिकोणको उल्लेख भए पनि गर्नुपर्छ । साथै ती दृष्टिकोणहरूमध्ये किन एउटा दृष्टिकोणको दाँजोमा अर्को बेस छ भनी व्याख्या गर्नुपर्छ । द्वन्द्वका दुबै पक्षको सही रिपोर्टिङ गर्नका लागि दुबै पक्षलाई बुझेका मानिसहरूको विचार वा भनाइ राख्नु एउटा व्यावहारिक उपाय हुनसक्छ । इतिहासविदहरू, नागरिकअधिकार कार्यकर्ताहरू तथा द्वन्द्वका दुबै पक्षको अध्ययन गरेका मानिसहरूबाट बढी सन्तुलित र सही कुरा आउनसक्छ । तर यसमा खतरा के छ भने वास्तविकता अति जटिल हुन्छ र

मानिसहरूमा सम्पूर्ण तथ्यबाट आफूलाई काम लाग्ने कुरामात्रै लिने प्रवृत्ति हुन्छ ।

२ **कसैलाई पनि प्रस्तुत गर्दा कुनै लेबल नलगाइकन वा बिल्ला नभिराइकन प्रस्तुत गर्नु ।** द्वन्द्वको तुलनात्मक अध्ययनले के देखाउँछ भने एउटा पक्षलाई शक्तिशाली, भयावह रूपमा र अर्को पक्षलाई कमजोर, पीडित र टुक्रिएको रूपमा प्रस्तुत गर्दा कमजोर पक्षको रूपमा प्रस्तुत समूहका मानिसहरू संघर्षतिर प्रेरित हुन्छन् । "शत्रुले आफूलाई मार्नुभन्दा पहिले शत्रुलाई मारूँ" भन्ने भावना बलियो हुँदैजान्छ र उनीहरू प्रतिकारको नाममा हिंसात्मक कदम चाल्न तत्पर हुन्छन् ।

पत्रकारहरूले समूहको सामूहिक भावना र दृष्टिकोण बताउनसक्ने राजनीतिक नेता वा जातीय नेताहरूलाई खोजेर सकेसम्म सबै दृष्टिकोण प्रस्तुत गर्नखोज्नु स्वाभाविक हो । तर नेताहरूको चाहना र रूचि नै सम्पूर्ण समूहको पनि चाहना र रूचि हो भनेर पत्रकारहरूले ठान्नु हुँदैन । किनकि व्यक्तिले कुनै काम गऱ्यो भने त्यसलाई पूरै समूहले गरेको मानिँदैन ।

३ **घटनाको मात्र समाचार नदिएर सन्दर्भ वा पृष्ठभूमि पनि उल्लेख गर्नु ।** कुनै पनि युद्ध, संघर्ष वा द्वन्द्वको पछाडि

जटिल ऐतिहासिक पीरवाधा, गुनासो र पीडाहरू हुन्छन् । शोषण र अधिकारका श्रृंखलाहरू हुन्छन् । विभिन्न इतिहासकारहरू, खासगरी विदेशी इतिहासकारहरूले इतिहासलाई बंग्याएर, पर्याप्त अध्ययन नगरीकन वा कुनै जातिको इतिहास, संस्कृति र जातीय चरित्रलाई नबुझीकन प्रस्तुत गरेका हुनसक्छन् । नेताहरूले आफ्नो समूहको समर्थन बटुल्नका लागि इतिहासलाई बंग्याएर व्याख्या गरेको पनि हुनसक्छ । यस्ता कुराहरूमा पत्रकारहरूले प्रकाश पार्नुपर्छ । यसका साथै द्वन्द्वमा संलग्न समूहहरूको सम्बन्ध भनेको हिंसात्मक घटनाहरूमात्रै हुन् भन्ने सोचाइ र हिंसाका कुरालाई मात्रै समाचारमा समेट्ने प्रवृत्तिलाई त्याग्नुपर्छ । साथै समूहले मध्यस्थता र वार्ता गर्ने गराउने चाहना वा प्रयास गरिरहेको छ कि छैन भन्ने कुरा पत्रकारहरूले खोजिरहनुपर्छ ।

४ **जातीय संघर्षहरू विश्वव्यापी घटना हुन् र द्वन्द्व व्यवस्थापन सम्भव छ भनेर पाठकहरूलाई शिक्षित गर्नु ।** जातीय द्वन्द्व संसारभरि चलेका छन् । पाठकहरूको निराशालाई हटाउन पत्रकारहरूले जातीय संघर्षहरू प्रभावकारी ढंगले समाधान गरिएका छन् भन्ने कुरामा विभिन्न देशको उदाहरण दिएर बुझाउनुपर्छ । पाठकहरूलाई बुझाउनुपर्ने अर्को महत्वपूर्ण कुरा

के छ भने जातीय विविधता भिन्न समूहहरूबीच मात्रै हुँदैन एउटै समूहभित्र पनि हुन्छ । साथै विविधता कमजोरी वा समस्या नभएर शक्ति र समाधान पनि हुनसक्छ । सानो भूभागमा सैकडौं जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक विविधता भएको नेपालको सन्दर्भमा यो कुरा विशेष उल्लेखनीय हुन्छ । कुनै समुदायको समग्र इतिहास र अपेक्षालाई औसत रूपमा प्रस्तुत गर्दा समूहभित्रका विभिन्न विचारहरू पनि सँगसँगै प्रस्तुत गर्नुपर्छ ।

**५ उत्तरदायित्वपूर्ण पत्रकारिताको अभ्यास गर्नु ।** पत्रकारहरू समाचारका व्यापारी होइनन्, समाजका जिम्मेवार नागरिक हुन् । मिडिया राज्यको चौथो अंग हो भन्ने कुरा बिर्सनु हुँदैन । द्वन्द्वको समाचारले झन दुश्मनी बढाउन र हिंसा चर्काउनसक्छ । आरोप प्रत्यारोपको वक्तव्य तथा द्वन्द्वको सही र गलत पक्ष तथा हिंसाको समाचार प्रस्तुत गर्दा बडो विचार पुऱ्याउनुपर्छ । तर यो काम सरकारी सेन्सरले भन्दा पत्रकार र सम्पादकहरूले राम्ररी गर्छन् । वास्तवमा द्वन्द्वको रिपोर्टिङ गर्दा तथ्यहरूलाई लुकाउनुभन्दा तथ्यहरूको बेलिबिस्तारसाथ व्याख्या गर्नु आवश्यकता हुन्छ । सेन्सरसिपले समाचारको विश्वसनीयता घटाउँछ र हल्लालाई बढाउँछ । यस कारण जिम्मेवार

पत्रकारहरूले हिंसा र द्वन्द्व घटाउने काममा पत्रकारहरूले रचनात्मक भूमिका खेल्नुपर्छ भन्ने महसुस गर्नुपर्छ । तर पत्रकारहरू आफ्ना पाठक, दर्शक वा श्रोताहरूप्रति निरन्तर इमान्दार र स्पष्ट भए भनेमात्रै उनीहरूले यो भूमिका पूरा गर्नसक्छन् ।

## द्वन्द्व रिपोर्टिङ गर्ने पत्रकारहरूले विचार पुऱ्याउनुपर्ने कुराहरू

कसले कसलाई हान्यो, कसलाई पछाऱ्यो, कसलाई फाल्यो, कसले कति अंकले जित्यो भन्ने खालको खेल रिपोर्टिङ र द्वन्द्वसम्बन्धी रिपोर्टिङमा धेरै फरक हुन्छ । फुटबल खेलको समाचार लेखेजस्तै गरी द्वन्द्वसम्बन्धी समाचार लेख्ने पत्रकारहरू पनि हुन्छन् । उनीहरू भन्छन्, “हाम्रो काम समाचार संचार गर्नु हो । त्यसबाट के हुन्छ भन्ने कुरा हाम्रो चासोको विषय होइन ।” तर द्वन्द्व रिपोर्टिङ गर्ने पत्रकारको दायित्व खेल पत्रकारको दायित्वभन्दा धेरै गम्भीर र महत्वपूर्ण हुन्छ ।

द्वन्द्व संवेदनशील पत्रकारिता नामक पुस्तिकामा लेखक रस हवार्डले द्वन्द्व रिपोर्टिङ गर्दा पत्रकारहरूले निम्नलिखित बुँदामा विचार पुऱ्याउनु पर्ने कुरा औंल्याएका छन् ः

- द्वन्द्वलाई दुई परस्पर विरोधी खेमाबीचको झगडा हो यसबाट झगडियाहरूमात्रै प्रभावित हुन्छन् भनेर देखाउने गरी समाचार प्रस्तुत गर्नु हुँदैन । प्रभावित हुने अन्य समूहहरू पत्ता लगाएर उनीहरूका कथाव्यथा, विचार र आकांक्षाहरू के छन् बुझेर त्यस्ता सामग्रीहरू समावेश गर्नुपर्छ । हडताल, बन्द आदि घटनाबाट प्रभावित व्यापारीको अन्तर्वार्ता लिनुस् । काम गर्न नपाएर अल्मलिएका श्रमिकलाई भेट्नुस्, कहिले हिंसा रोकिएला र गाँउमा फर्कन पाइएला भनेर कुरिरहेका विस्थापितहरूको कुरा सुन्नुस् ।
- पुराना, सबैले थाहा पाइराखेका माग तथा शर्तहरूमात्र दोहोऱ्याइराख्ने नेताहरूको भनाइलाई उद्धृत गर्दै तिनकै आधारमा द्वन्द्वलाई परिभाषित गर्ने तरिका छाडिदिनुस् । ठूलाबडा, माथिल्लो वर्गका वा प्रबुद्ध व्यक्तिहरूको मात्रै कुरा सुन्ने नगुर्नस् । त्यो समूहबाट बाहिर निस्कनुस् । सर्वसाधारणका कुरा सुन्नुस र तिनलाई अभिव्यक्ति दिनुस् किनभने कुनै पनि समाजमा तिनीहरूकै संख्या धेरै हुन्छ र तिनले बहुसंख्यकको प्रतिनिधित्व गर्दछन् ।

- द्वन्द्वमा संलग्न पक्षहरूबीच फाटो ल्याउने रिसइबी बढाउने कुराहरूलाई मात्र समाचार बनाउन छाड्नुस् । परस्पर विरोधी पक्षहरूलाई उनीहरूको मिल्ने कुरा केके छन् वा कुनकुन कुरामा मिल्नसकिन्छ भनेर सोध्नुस् । यसरी मिल्नसकिने साझा आधारहरू पहिल्याउने कोशिस गर्नुस् । दुवै पक्षका साझा चासोका विषय र लक्ष्यहरूबारे लेख्ने बानी बसाल्नुस् ।
- प्रायः एउटै पक्षका पीडा र गुनासोलाई महत्व दिएर लेख्ने, सुनाउने नगर्नुस् । सबै पक्षका दुःख, कष्टलाई समान रूपले चर्चामा ल्याउने शैली नै पत्रकारिताको शैली हो यो शैली आफूमा विकसित गर्नुस् ।
- द्वन्द्वबाट कुनै एक समूह विशेषलाई परेको असरबारे बताउन वास्तविक प्रभावभन्दा बढी गम्भीर वा गह्रुँगो अर्थ जनाउने ध्वस्त/ध्वंस, विपत्ति, आतंक जस्ता शब्दहरू यथाशक्य प्रयोग नगर्नुस् । यस्ता शब्द प्रयोग गर्दा समाचारदाता कुनै एक पक्षतिर ढल्केको देखिन्छ । त्यसैले आफ्नो लेखाइमा यस्ता शब्द प्रयोग नगर्नुस् । कसैले त्यस्ता शब्द भनेका छन् भने ती शब्दहरूलाई उद्धरण चिन्हभित्र राखेर मात्र प्रयोग गर्नुस् ।

- भावुक र अधुरो वा धेरै अर्थ दिने शब्दहरू उपयोग नगर्नुस् । राजनीतिक उद्देश्यले गरिने राजनीतिक व्यक्तिको हत्या र फौजदारी अपराधको रूपमा एक व्यक्तिले अर्को व्यक्तिलाई मारेको सन्दर्भमा प्रयोग हुने "हत्या" शब्दबीच ठूलो अन्तर हुन्छ । एकैपल्ट धेरैलाई मार्ने अपराधकर्म आमहत्या (Massacre) हो तापनि यसको प्रयोग गैरसैनिक मानिसहरू मारिएको जनाउन मात्र गरिन्छ । एकैपटक धेरै सैनिक अथवा प्रहरीहरू मारिए पनि त्यसलाई "आमहत्या" भन्न वा लेख्न मिल्दैन । जाति हत्या (Genocide) शब्दले एउटा जाति वा समुदायलाई समाप्त पार्ने ध्येयले गरिएको नरहत्यालाई जनाउँछ । दुःख, पीडालाई घटाएर देखाउने होइन, खालि कडा भाषा (शब्द) को प्रयोग होशियारीका साथ गर्नुस् ।
- आतङ्कवादी, अतिवादी/उग्रवादी, भ्रान्त बुद्धि जस्ता शब्दहरू सकेसम्म प्रयोग नगर्नुस् । यस्ता शब्दले पक्ष लिन खोजेको देखाउँछ र अर्को पक्षसित सम्झौतामा पुग्न असम्भव छ भन्ने अर्थ बुझाउँछ । मानिस जुन नाम वा विशेषणबाट चिनिन चाहन्छन् तिनलाई तिनै नामबाट चिनाइदिनु बेस हुन्छ ।

- कुनै व्यक्ति विशेषको विचारलाई तथ्यको रूपमा प्रस्तुत गर्नु हुँदैन । कसैले केही कुराको दावी गरेको छ भने उसको नाम उल्लेख गर्नुपर्छ । अरूले गरेको दावी तपाईंले गरेजस्तो नदेखियोस् ।
- कुनै एक पक्षका नेताहरूले समस्याको समाधान निकाल्लान् भनेर पर्खेर नबसौं । शान्तिको पक्षमा जताबाट आवाज आए पनि तिनलाई खोतलौं । त्यस्ता आवाज र विचारहरूलाई नेताहरू समक्ष राखौं र उनीहरूको प्रतिक्रिया जनसमक्ष राखौं ।
- पत्रकारको शक्तिशाली औजार भनेको तिनले प्रयोग गर्ने शब्द, फोटो र स्वरहरू नै हुन् । हाम्रा यी औजारहरूलाई भय, त्रास, आतंक, कहाली फैलाउनुको सट्टा हामीले समझदारी निर्माणमा लगाउन सक्छौं ।

***"सत्य कुरा एकजना व्यक्तिलाई मात्रै थाहा छ वा एउटा जातिको अधीनमा छ , संसारभरिका समस्याको समाधान एउटामात्रै छ, अनि सम्पूर्ण मानिसहरूका आवश्यकताहरू पूरा गर्ने उपाय एउटै छ ।" यस्तो विचारले मानव इतिहासमा, खास गरी बितेको शताब्दीमा***

*अवर्णनीय क्षति पुऱ्याएको छ । तर, अहिले संसारभरि जातीय द्वन्द्व चलिरहँदा यो कुरा झनझन स्पष्टसँग बुझिँदै छ कि विश्वमा व्याप्त मानव विविधताले गर्दा विविध पक्षहरूबीच वार्ता, छलफल विचार विमर्श आवश्यक छ तथा छलफलको आधार नै मानव विविधता हुनपर्छ ।*

*– कोफी अन्नान, संयुक्त राष्ट्रसंघका महासचिव,*
*(नोबेल पुरस्कार समारोहमा संवोधन)*

## सुरक्षित पत्रकारिताका लागि अन्तर्राष्ट्रिय आचार संहिता

खतरनाक परिस्थिति वा अवस्था र संघर्षपूर्ण क्षेत्रमा काम गर्ने पत्रकार तथा सञ्चारकर्मीहरू माथि आइलाग्ने खतरा अहिलेको एउटा गम्भीर विषय हो । युद्ध ग्रस्त क्षेत्रमा काम गर्दा कतिपय पत्रकारहरू मारिन्छन्, घाईते हुन्छन् वा निरूत्साहित तुल्याइन्छन् । यसरी पत्रकारहरूलाई संकटमा पार्ने काम युद्धमा सामेल दुवै पक्षबाट भइरहेको छ । संचारकर्मीलाई अपराधी र आतङ्ककारीहरूले मात्रै होइन सरकारी निकायले पनि उत्तिकै दुःख दिइरहेका छन् । प्रहरी, सेना वा अन्य सुरक्षाफौजले गुप्त रूपमा र गैरकानुनी तरिकाले पत्रकारहरूलाई सताइरहेका छन् ।

जोखिम पूर्ण आक्रमणबाट बच्नका लागि पत्रकार र सञ्चार संस्थाहरूले अपनाउन सक्ने उपाय थोरै छन् । संकटग्रस्त क्षेत्रमा सुरक्षाको लागि जस्तो सुकै उपाय अवलम्बन गरे पनि दुर्घटना हुनसक्छ । पत्रकारले सूचना सङ्कलन गर्दा उनीहरूमाथि विभिन्न पक्षबाट हुने अभद्र र अमानवीय आक्रमणबाट बच्नसक्ने उपाय अत्यन्त कम प्रभावकारी हुन्छ । स्थिति यस्तो भए पनि जोखिम घटाउन सञ्चारकर्मी र सञ्चार माध्यमहरूले केही निश्चित कदमहरू चाल्नैपर्ने हुन्छ । सुरक्षित हुनका लागि निम्न उपायहरू अपनाउनु अत्यावश्यक छ :

## पर्याप्त तयारी, तालीम र सामाजिक सुरक्षा

- पत्रकार तथा अन्य सञ्चारकर्मीहरू अप्ठ्यारो अवस्थाको सामना गर्न पूर्ण तयार अवस्थामा रहनु आवश्यक छ । उनीहरूले स्वास्थ्य सेवा र सामाजिक सुरक्षा उपलब्ध गराउनका लागि एउटा संयन्त्र बनाउनुपर्छ ।
- उनीहरूले काम गरिरहेको क्षेत्रको राजनीतिक, भौगोलिक तथा सामाजिक अवस्थाको बारेमा आवश्यक जानकारी उपलब्ध गराउनुपर्छ । सञ्चारकर्मीहरूले पनि महत्वपूर्ण सूचना तथा जानकारी आपसमा बाँडनुपर्छ । यस्ता विषयमा

अज्ञानता र लापरवाहीपूर्ण व्यवहार गरेमा सञ्चारकर्मीहरू स्वयं अनिश्चितता र असुरक्षित स्थितिमा पर्नसक्छन् ।

- सञ्चार संस्थाहरूले व्यापारिक फाइदाका लागी जोखिम उठाउने जस्ता काममा सञ्चारकर्मीलाइ पठाउनु हुँदैन । खतरापूर्ण स्थिति आउने सम्भावना भएमा पत्रकारहरूबीच आपसी सहयोग बढाउन सम्बन्धित सञ्चार संस्थाहरूले मिलेर काम गर्नुपर्छ ।
- प्रेसविरूद्ध हुने सबै प्रकारको बाधा अवरोध हटाइनुपर्छ । स्वतन्त्र रूपले हिँडडुल गर्नपाउने सञ्चारकर्मीहरूको अधिकार र समाचार/सूचना सङ्कलन गर्ने, उत्पादन गर्ने र बितरण गर्ने सञ्चार माध्यमको अधिकारलाई सरकारले प्रतिबन्ध लगाउनु हुँदैन
- स्थानीय जनताले सञ्चारकर्मीको काममा हस्तक्षेप गर्नुहुँदैन । आफ्नो काममा लागेका पत्रकार र अन्य सञ्चारकर्मीहरूको इमानदारिताप्रति जनताले सम्मान पूर्ण व्यवहार गर्नुपर्छ । सूचनाको छायाङ्कन गर्ने वा अन्य माध्यमद्वारा जानकारी संकलन गरिरहेका पत्रकारहरूको काममा भौतिक रूपले हस्तक्षेप गर्ने वा बाधा पुऱ्याउने कामलाई रोक्नुपर्छ ।

यस स्थितिमा पत्रकार समूह , सञ्चार संस्था र सबै सम्बन्धित सार्वजनिक निकायहरूलाई तल उल्लिखित **"सुरक्षित पत्रकारिताका लागि अन्तराष्ट्रिय आचारसंहिता"** पालन गर्न अन्तर्राष्ट्रिय पत्रकार महासंघ आह्वान गर्दछ :

क) पत्रकार तथा अन्य सञ्चारकर्मीहरूलाई काममा खटाउँदा प्राथमिक उपचारका सामग्री, सञ्चार उपकरण, यातायात सुविधा र आवश्यक परेको खण्डमा सुरक्षा कवच लगायतका साधन उपलब्ध गराउनुपर्छ,

ख) खतरापूर्ण स्थितिमा वा खतरा आउनसक्ने पर्याप्त कारण रहेका स्थानमा काम गर्ने सञ्चारकर्मीहरूलाई सञ्चार संस्था र सरकारी निकायले ठाँउअनुसार जोखिमबारे तालिम उपलब्ध गराउनुपर्छ ।

ग) सार्वजनिक निकायहरूले आफ्ना मातहतका कर्मचारीहरूलाई सञ्चारकर्मीहरूको अधिकारको सम्मान गर्न तथा उनीहरूको भौतिक सामग्रीप्रति आदर गर्न निर्देशन दिनुपर्छ ।

घ) सञ्चार संस्थाहरूले सँधै काम गर्ने ठाउँभन्दा बाहिर काम गर्दा सञ्चारकर्मीहरूलाई बिमा सुविधा लगायतका सामाजिक सुरक्षा उपलब्ध गराउनुपर्छ ।

ङ) सँधै काम गर्ने ठाँउभन्दा बाहिर गएर काम गर्दा घाइते भएका सञ्चारकर्मीहरूलाई सञ्चार संस्थाहरूले निःशुल्क स्वास्थ्य उपचारका साथै बिरामी वा घाइते अवस्थाबाट पूर्ण स्वस्थ नहुन्जेल सम्मका लागि स्वास्थ्य सुविधा उपलब्ध गराउनुपर्छ ।

च) सञ्चार संस्थाहरूले स्वतन्त्र वा आंशिक काम गर्ने कर्मचारीहरूलाई पनि पूर्ण सुरक्षा दिनुपर्छ । स्वतन्त्र तथा आंशिक समय काम गर्ने कर्मचारीलाई पनि पूर्णकालीन कर्मचारीसरह सामाजिक सुरक्षा, तालिम र उपकरण उपलब्ध गराउनुपर्छ ।

## १.४ द्वन्द्व रिपोर्टिङ : नेपालको केही अनुभव

द्वन्द्व रिपोर्टिङ अब नेपाली पत्रकारिताको लागि नयाँ क्षेत्र रहेन । द्वन्द्व रिपोर्टिङबारे सिक्न श्रीलंका र अन्य देशतिर जानुपर्ने वा अरूका अनुभवहरूबाट सिक्नुपर्ने र विदेशी विशेषज्ञलाई डाक्नुपर्ने अवस्था अब छैन । नेपालको विशिष्ट भौगोलिक, राजनीतिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक स्थितिमा नेपाली पत्रकारहरूले द्वन्द्व रिपोर्टिङको आफ्नै विशेष अनुभव हासिल गरिसकेका छन् । नेपाली पत्रकारहरूको मेहनत, वाध्यता र

उत्साहबाट सँगालिएको यो अनुभव नेपाली पत्रकारिताको अमूल्य सम्पत्ति हो । द्वन्द्व रिपोर्टिङको क्षेत्रमा कार्यरत अरू पत्रकारहरू, विदेशी पत्रकारहरूले समेत, यसबाट सिक्नसक्छन् ।

मिडिया सर्भिसेज इन्टरनेशनलमा रहेको संचार अधिकार केन्द्रमा काठमाडौं बाहिरका द्वन्द्वग्रस्त क्षेत्र र राजधानीमा बसेर द्वन्द्व रिपोर्टिङ गर्ने पत्रकारहरू बेलाबखतमा भेला भई अनुभव बाँडचुँड गर्दा टिपिएका बुँदाहरूको आधारमा केही अनुभवहरू संकलन गरी यहाँ प्रस्तुत गरिएको छ । द्वन्द्वग्रस्त केही जिल्लाको अनुभवलाई सामान्यीकरण गर्ने प्रयास पनि गरिएको छ, तर कतिपय स्थान र परिस्थितिमा यो नमिल्न पनि सक्छ । समय बित्दैजाँदा अनुभव र घटनाहरू पनि जम्मा हुँदै जाने निश्चित छ । यसैले यसमा समेट्न नसकिएका अनुभवहरू वेबसाइटमा बेलाबखतमा थपिँदै जानेछ ।

## जिल्लामा काम गर्ने परिस्थिति

### स्थानीय प्रशासनसँग सम्बन्धित

- नेपालका धेरै पहाडी जिल्लाहरूमा दूरसंचारका सुविधाहरू उपलब्ध छैनन् । समाचार फ्याक्स गरी पठाउन जिल्ला

प्रशासन कार्यालयमा जानुपर्छ । कार्यालय समयमा मात्र फ्याक्स गर्नसकिन्छ । समाचारको गोप्यता रहँदैन । समाचार नछापिँदै सम्बन्धित पक्षले हस्तक्षेप गरेका अनेकौं उदाहरणहरू छन् ।

- जिल्लाका सुरक्षा निकायहरूलाई पत्रकारिताको सामान्य नियम थाहा हुँदैन । पत्रकारको कामलाई उनीहरूले आफ्नो विरोध गरेको वा सुराकी गरेको ठान्नसक्छन् ।

- कतिपय जिल्लामा पत्रकारहरू सदरमुकामबाट बाहिर गाउँमा जाँदा स्थानीय सुरक्षा निकायलाई जानकारी दिएरमात्र जानपाइन्छ ।

- सुरक्षाकर्मीहरू जनता र पत्रकारहरूदेखि धेरै टाढा छन् । क्याप्टेनभन्दा माथिको दर्जाका मानिससँग भेट हुँदैन । पत्रकार भनेपछि शंकामात्र गर्छन् । माओवादीहरू जनताको धेरै नजिक छन् र पत्रकारहरूसँग पनि उनीहरूले चाहेको बेलामा सम्पर्क गर्छन् । तर पत्रकारले चाहेको बेलामा सम्पर्क गर्न गाह्रो छ ।

## माओवादीसँग सम्बन्धित

- माओवादी इलाका, खास गरी "कम्युन"मा जान माओवादीहरूको पूर्वस्वीकृति लिनुपर्छ ।
- स्थलगत रिपोर्टिङमा जाने पत्रकारहरूले माओवादीका संबंधित नेतालाई भेट्नुपर्छ । तर तुरुन्तै भेट्न सकिन्न । माओवादीहरूले पत्रकारहरूलाई एकदुई दिन रोकेर राख्नसक्छन् । उनीहरूले आफ्नै तरिकाले पत्रकारहरूबारे बुझ्छन् ।
- सूचना र संचारको मामिलामा माओवादीहरू धेरै चलाख छन् । उनीहरू पहिलो रिपोर्ट लिन मात्र रेडियो सुन्छन् । संचारको उनीहरूको आफ्नै च्यानल छ र तीन दिनभित्र मेचीको खबर महाकाली पुऱ्याउनसक्छन् ।
- पत्रकारलाई माओवादीहरूले हाम्रो प्राविधिक कुरा बाहेक सबै कुरा खुला छ छापे हुन्छ भन्छन् । तर व्यवहारमा यस्तो हुँदैन । गाउँमा "माओवादी आएर भैंसीले दूध दिएन" भन्ने मानिस पनि छन् तर उनीहरूको कुरा छापेको माओवादीहरूले सहन्नन् । हमलाको कार्यक्रम, हातहतियार र संचारबारेको जानकारी जस्ता कुराहरू प्राविधिक कुरामा पर्छन् ।

- कतिपय पत्रकारहरू के ठान्छन् भने यदि माओवादीले कार्वाही गर्न चाह्यो भने पानीमुनि वा अरिंगालको गोलाभित्र बसे पनि छाडदैनन् । यो भावनाले गर्दा समाचारको स्वतः सेल्फ सेन्सर हुन्छ ।

## पेशागत दक्षतासँग सम्बन्धित

- जिल्लामा काम गर्ने धेरै पत्रकारहरूले पत्रकारिताका आधारभूत तालिमसमेत पाएका छैनन् । तालिम पाएकाहरूले पनि प्रारम्भिक तथा सैद्धान्तिक कुरामात्र जानेका हुन्छन् । सूचना र घटनाको विश्लेषण गर्ने, अर्थ्याउने सीप उनीहरूमा प्रायः विकसित भएको हुँदैन । खोज पत्रकारिताका सीपहरूको प्रयोग गर्न जानेका हुँदैनन् ।
- एक्लाएक्लै रिपोर्टिङ गर्नुभन्दा टिम बनाएर काम गर्नु, कुनै संस्थाले आयोजना गरेको प्रायोजित अध्ययन भ्रमणमा सामेल हुनु, बाहिरबाट आएका पत्रकारहरूसँग मिलेर काम गर्नु बढी प्रभावकारी र सुरक्षित हुन्छ ।
- मिडियालाई सुरक्षा निकाय र माओवादी दुबै पक्षले उपयोग गर्न खोज्छन् । अनजानमा उपयोग पनि हुने गर्छन् । दुबै पक्षले पत्रकारको काममा हस्तक्षेप गर्न खोज्छन् ।

- पत्रकारको सुरक्षा र सम्मान ऊसँग सम्बन्धित संस्था कति बलियो छ भन्ने कुरामा निर्भर गर्छ र यही कुराको आधारमा दुबै पक्षको दृष्टिकोण बन्ने गरेको देखिन्छ । कान्तिपुरजस्तो ठूलो र बलियो मिडियालाई दुबै पक्षले भर्सक चलाउन्नन् । जिल्लामा पनि राजधानीका ठूला अखबारका पत्रकारहरूको बढी हाली मुहाली र मानमनितो हुन्छ ।
- पत्रकारहरूका अगाडि गाउँका जनता बोल्दैबोल्दैनन् । सत्य कुरा स्थानीय जनताबाट बुझ्न निक्कै गाह्रो छ । जनतालाई जोगाएर कसरी समाचार लेख्ने भन्ने सीपको खाँचो छ ।

## द्वन्द्वग्रस्त क्षेत्रमा मिडियाको प्रभाव

- द्वन्द्वको समाचारको प्रभाव द्वन्द्वरत पक्षहरू, पीडित पक्ष र आमजनतामा पनि पर्छ । एफएम प्रसारणको व्यापकताले गर्दा समाचार चाँडै र चारैतिर फैलिन्छ ।
- द्वन्द्व, भिडन्त वा वारदातको समाचार द्वन्द्वरत पक्षहरूमध्ये कसैले रुचाउँछ, कसैले रुचाउँदैन । कसैले पचाउनसक्छ, कसैले पचाउनसक्तैन ।

- बेपत्ता परिएका वा घाइते मानिसको समाचार आएपछि तिनीहरूको बाँच्ने अवसर/संभावना बढ्छ ।
- भिडन्तले गर्दा भएको मानव र भौतिक क्षतिको पहिलो विवरण द्वन्द्वरत पक्षहरूले मिडियाबाट थाहा पाउँछन् र पुष्टी गर्न खोज्छन् ।

## माओवादी र सुरक्षा निकायको निरन्तर निगरानीमा स्थानीय पत्रकार

जिल्लामा काम गरिरहेका पत्रकारहरूको बारेमा माओवादी र सुरक्षा निकाय दुबैलाई थाहा हुन्छ । कसले कुन मिडियालाई समाचार पठाउँछ भन्ने उनीहरूलाई थाहा हुन्छ । दुबै पक्षले पत्रकारलाई उपयोग गरेर विपक्षको योजना र गतिविधिहरू जान्न चाहन्छन् । साथै को पत्रकारको विपक्षसँग राम्रो सम्बन्ध छ भनेर चेवा गरिरहन्छन् । माओवादीले कुन पत्रकार सुरक्षा निकायसँग बढी नजिक छ । खानपिन, बसउठ कोसँग छ भन्ने जानकारी लिइरहन्छन् भने सुरक्षा निकायले पनि टेलिफोन मनिटरिङ र अन्य उपायद्वारा पत्रकारको निगरानी गरिरहन्छ । दुईमध्ये कुनै पक्षलाई पनि शंका लाग्यो भने पत्रकारमाथि सुराकीको

आरोप लाग्नसक्छ । तर पत्रकारले यो आरोपको सफाइ दिने उपयुक्त अवसर पाउँदैन ।

## सूचनाको पहिलो स्रोत एफएम

नेपालमा गैरसरकारी स्वामित्वमा तीन दर्जन एफएम स्टेसन संचालन भइरहेका छन् । सुरक्षाकर्मी र माओवादीबीच भएका भिडन्तको समाचार र मृतकको नामबारे पहिलो सूचना फस्ट ह्याण्ड इनफरमेसनको स्रोत एफएम सुनिने ठाउँमा यही भइरहेको छ । खास गरी काठमाडौंका अखबारमा छापिएका समाचार पढेर सुनाउने एफएम कार्यक्रमहरूबाट माओवादीहरूले आफ्नो कुन मानिस घटनामा पऱ्यो भनेर थाहा पाउँछन् । उनीहरूलाई उल्लिखित व्यक्ति वास्तवमा घटनामा परेको हो कि होइन भन्ने शंका लाग्यो भने समाचारदाताकहाँ विभिन्न किसिमले सम्पर्क गरेर सूचनाको पुनः पुष्टी गर्नखोज्छन् । यो काममा सबैभन्दा व्यापक पहुँच भएको कान्तिपुर एफएम, खास गरी पूर्वी पहाडी र तराईका माओवादीहरूले सुन्छन् ।

## डेस्कले बिराउँछ समाचारदाता तारो बन्छ

समाचारदाताले पठाएको समाचार संचारमाध्यमहरूले ठीकसँग, उचित स्थान र समयमा प्रकाशित, प्रसारित नगर्ने गुनासो नयाँ

होइन । तर अहिले आएर द्वन्द्वको कारणले गर्दा डेस्कको लापरवाहीका कारण समाचारदाताको ज्यानसमेत जाने अवस्था आउन थालेको छ । माओवादीलाई विशेषण थपिदिने र अतिशयोक्तिपूर्ण प्रस्तुति गर्ने प्रवृत्ति विशेष गरी सरकारी संचार माध्यमहरूमा देखिन्छ ।

डेस्कमा बस्ने र सम्पादन गर्नेहरू जिल्लामा, खास गरी द्वन्द्वग्रस्त क्षेत्रमा काम गर्ने पत्रकारहरूको काम गर्ने परिस्थिति र उनीहरूको सुरक्षाप्रति पर्याप्त मात्रामा संवेदनशील नभएको देखिन्छ । जिल्लाका समाचारदाताले प्रयोग नगरेका शब्दहरू प्रयोग गर्ने, समाचारलाई सनसनीपूर्ण बनाएर प्रस्तुत गर्न खोज्ने, समाचारको महत्वको आधारमा भन्दा पनि मनपर्ने समाचारदाता (स्ट्रिंगर) लाई लाभान्वित गर्ने मनसायले समाचारलाई प्राथमिकता दिने आदि व्यावसायिक मर्यादाविपरीत कामहरू कतिपय मिडियामा भएको पाइन्छ ।

## समाचारको कटिङ पर्समा बोकेर हिंडने गरेको थिएँ

*माओवादीले मैले समाचार नपठाएको वा समाचारलाई बंग्याएर हालेको भन्ने आरोप लगाएका धेरै उदाहरणहरू छन् । एउटा समाचारदाताले पूरा गर्नुपर्ने व्यावसायिक मर्यादाभित्रै रहेर समाचार पठाए पनि कहिलेकाहीं प्रकाशन नहुने र भए पनि डेस्कमा सम्पादन गर्दा उनीहरूको भनाइसमेत छुट्न सक्ने कुराको जानकारी नभएर नै हामीबीच असमझदारी पैदा भएको हो ।*

*डेढ महिनाअघि माओवादीका स्थानीय नेता मोहन सदा सुरक्षाकर्मीको गोली लागी घाइते भए । उनको सिरहा अस्पतालमा उपचार हुँदाहुँदै तीन दिनपछि मृत्य भयो । सदा पक्राउ परेको र गोली लागेको समाचार मैले कान्तिपुर दैनिक र कान्तिपुर एफएम दुबैमा सम्प्रेषण गरें । तर त्यो समाचार न त प्रकाशित भयो न त प्रसारण नै ।*

*तर मृत्यु भएपछि भने प्रकाशन र प्रसारण दुबै भए । माओवादीका स्थानीय कार्यकर्ता विवेकले टेलिफोन गरी 'कान्तिपुरमा समयमै समाचार आएको भए उनी बाँच्नसक्थे' भन्ने तर्क दिँदै 'तपाईंले समाचार नलेख्नु नै उनको मृत्युको कारण हो' भनी आरोप लगाए । समाचार आएको भए सुरक्षाकर्मीले उनको उपचार राम्रोसँग गर्ने थिए भन्ने तर्क उनको थियो ।*

*त्यसै गरी सिरहाको बिसनपुरामा माओवादीले सुराकीको आरोप लगाउँदै भुल्ला यदवको गोली हानी हत्या गरे । मैले सुराकीको आरोपमा यादवको माओवादीले हत्या गरेको उल्लेख गरेर समाचार पठाएँ । तर, पत्रिकामा छापिँदा माओवादीद्वारा सर्वसाधारणको हत्या भन्ने आसयमा छापियो । सुराकी शब्दको उल्लेख नभएकोमा उनीहरूले प्रतिक्रिया दिए, 'तपाईंले पठाएको समाचारमा जहिले पनि हामीलाई व्यंग्य गरिएको हुन्छ ।'*

*त्यसै गरी दोस्रो पटकको शान्तिवार्ताको अवधिमा माओवादीका जिल्लाका 'क' श्रेणीको एक कार्यकर्ताको घरमा सुतिरहेको अवस्थामा हत्या भयो । उक्त हत्यालाई जिल्ला प्रहरी कार्यालयले अज्ञात व्यक्तिद्वारा भएको प्रतिक्रिया दियो । माओवादीले जिल्ला प्रहरी कार्यालयकै भान्सेले गोली हानी हत्या गरेको दाबी गरे । मैले दुबैको भनाइ राखेर समाचार पठाएँ । तर, कान्तिपुरमा प्रहरीको भनाइमात्र छापियो । बस्, अरू हुनु के थियो र ! सदरमुकाममा चारपाँच पत्रकाहरूकै सामुन्ने तिनै विवेकले भने, 'तपाईं कांग्रेसीहरूले चिया खाएको समाचार पनि पठाउनु हुन्छ तर हाम्रो समाचार पठाउनु हुन्न, यो चाला ठिक भएन ।'*

*मैले त्यो समाचार पठाउँदा दुबै पक्षको भनाइ राखेर पठाएको बताए पनि उनले विश्वास गरेनन् । संयोगवश सोही समाचारलाई काठमाडौं*

*पोष्ट अंग्रेजी दैनिकमा माओवादीको भनाइ राखेर छापिएको रहेछ । कथम्‌कदाचित माओवादीले समाचार संकलन गर्न गाउँमा जाँदा त्यही समाचारमा निहुँ थापेमा अंग्रेजीमै भए पनि देखाएर सन्तुष्ट पार्छु भनी समाचारको कटिङ पर्समा बेकेर हिँडने गरेको थिएँ । धन्न काठमाडौं पोष्टले पठाएको आशयमा छापेछ नत्र मोफसलमा बस्ने पत्रकारले आफूले लेखेको समाचारको सक्कलप्रति बोकेर मात्र गाउँ पस्नुपर्ने दिन नआउला भन्न सकिन्न ।*

विजयप्रसाद मिश्र, पत्रकारिता पेसाको सुन्दरता !
*कान्तिपुर दैनिक, २८ भदौ, २०६१*

अनुभव २

## के अपहरण वास्तवमै भएको थियो ?

*एउटा जिल्लाका शिक्षकहरूलाई माओवादीहरूले शिक्षा नीति र कार्यक्रमबारे कुराकानी गर्न बोलाए । तर शिक्षकहरूको अपहरणको समाचार आयो । शिक्षा कार्यालयको खप्की र स्पष्टीकरणबाट जोगिन शिक्षकहरूले नै पत्रकारलाई अपहरण भएको समाचार दिएका थिए । झुटो समाचार दियो भनेर माओवादीहरू पत्रकारसँग रिसाए ।*

## पत्रकारहरूसँग भएको छलफलबाट

द्वन्द्वरत पक्षहरू र पत्रकारबीच असमझदारीका विविध कारण :

१ **द्वन्द्वरत पक्षहरूमा प्रेस र पत्रकारको कामबारे अज्ञानता :** द्वन्द्वरत दुबै पक्षलाई प्रेसको भूमिका र पत्रकारले काम गर्ने तरिकाबारे पर्याप्त ज्ञान छैन । आफूले भनेको कुरा पत्रकारले छापिदेओस् भन्ने उनीहरू चाहन्छन् । उनीहरू एकअर्काको स्थिति र समाचर सूत्रबारे जानकारी चाहन्छन् तर पत्रकारले यसो गर्नु पत्रकारिताको पेशागत मर्यादाको विपरीत हो । पत्रकारको सत्यतथ्य, वस्तुनिष्ठ, निष्पक्ष, सन्तुलित, विवेकको आधारमा समाचार संप्रेषण गर्नु पर्ने भूमिकालाई दुबै पक्षले आफ्नो विपक्षतिर लागेको वा झुकाव भएको र अन्ततः सुराकी गरेको सम्म आरोप लगाउनसक्छन् ।

२ **बहुलबादी मिडिया र प्रेस स्वतन्त्रताबारे अस्पष्टता :** द्वन्द्वरत पक्षहरू, खास गरी माओवादीहरूमा बहुलवादी मिडियाको अवधारणाबारे बुझाइको कमी छ । स्वतन्त्र प्रेसको परम्परागत नाराभन्दा अघि बढेर बहुविचारको महत्वमा आधारित मिडियाको बहुलवादलाई उनीहरूले स्वीकार गर्नसकेको देखिँदैन । यसबारे

उनीहरू सैद्धान्तिक रूपबाटै पूर्वाग्रही छन् । यही दृष्टिकोण पत्रकारलाई भौतिक सफाया गर्ने धम्कीको रूपमा बेलाबखतमा झल्कने गरेको छ ।

३ **स्थानीय नेतृत्व परिवर्तन** : द्वन्द्वरत पक्षहरूको स्थानीय नेतृत्व फेरिंदा स्थानीय पत्रकारहरूको सम्पर्क सूत्र खल्बलिन्छ । नयाँ नेतृत्वको मिडिया र पत्रकारहरूबारे दृष्टिकोण साबिकको नेतृत्वको भन्दा बेग्लै हुनसक्छ ।

४ **स्थानीय रिसइबी** : जिल्लामा कार्यरत कतिपय पत्रकारहरू द्वन्द्वरत दुबै पक्षको ब्ल्याक लिस्टमा नभए पनि स्थानीय नेतासँगको व्यक्तिगत, पारिवारिक, जातीय, क्षेत्रीय बैरभावको शिकार बन्नसक्छन् ।

५ **पत्रकारको व्यवहार** : जिल्लाका कतिपय पत्रकारहरू आफूलाई "मै हुँ" भन्ने सम्झन्छन् । उसले सोधेको र खोजेको कुरा जसले पनि ल्याइदिनुपर्छ भन्ने धारणा राख्छन् । तर माओवादी र सुरक्षाकर्मीहरूको आआफ्नै नियम छ । पत्रकारहरूले उनीहरूको नियम नबुझे काम गर्न गाह्रो हुन्छ ।

६ **विश्वासघात** : व्यक्तिगत विश्वासको आधारमा दिइएका जानकारीलाई कतिपय पत्रकारले केके नै पाएँ भनेर उत्साहित भएर समाचार बनाउँछन् । समाचारको स्रोतलाई अप्ठ्यारोमा पार्छन् । कहिलेकाहीं सम्बन्धित पक्षहरूले नै पत्रकारको इमान्दारी वा वैचारिक झुकाव जाँच्न पनि गलत समाचार दिन्छन् ।

# २ पत्रकारहरूको नैतिक तथा व्यावसायिक जिम्मेवारी

## २.१ पेशागत नैतिकता, आचार र व्यवहार

पत्रकारिता सेवा र जनकल्याणको भावनाले प्रेरित नैतिक व्यवसाय हो । यो समाजमा व्याप्त खराबीहरू, कमजोरीहरू, भ्रष्टाचार, अन्याय, अत्याचार, अन्धविश्वास आदिको विरूद्ध लड्ने तथा न्यायपूर्ण, समतामूलक, स्वतन्त्र र स्वस्थ, प्रतिष्ठित मानिसहरू भएको समाज स्थापना गर्न सघाउने आदर्श व्यवसाय हो । अरूले गर्ने भ्रष्टाचार, अन्याय अन्याचार विरूद्ध लड्ने तर आफैं भ्रष्टाचार र अनैतिक काममा लिप्त हुने हो भने मिडियालाई कसैले पत्याउँदैन । मिडियाबाट अनैतिक काम गरेर आर्थिक वा अन्य लाभ उठाउनु हुँदैन । नाफाको मात्रै उद्देश्य राखेर संचालन गरिने उद्योग वा व्यापारमा समेत उपभोक्ताको हितलाई ध्यानमा राख्नुपर्ने हुन्छ भने पत्रकारितामा त उपभोक्ता हितको कुरा सर्वोपरि हुनैपर्छ ।

समाचार छापेबापत सुविधा वा आर्थिक लाभ लिने मात्र होइन समाचार नछापे वा लुकाएबापत घुस लिने चलन विश्वका विभिन्न देशमा चलेको देखिन्छ भने नेपाल पनि यस कुरामा अछुतो छैन । थौरै प्रति छापेर धेरै प्रति छापेको दाबी गर्नु, न्युजप्रिन्ट कागत कालो बजारमा बेच्नु, कसैको चरित्रहत्या गरेर वा धम्की दिएर (ब्ल्याकमेल गरी) पैसा कमाउनु, अपराध र हिंसा बढाउने, अश्लील, सस्ता र दूषित सामग्री छापेर बिक्री बढाउनु प्रेसमा ब्याप्त अन्य विकृतिहरू हुन् । यस्ता विकृतिहरूले मिडियाको प्रतिष्ठा घटाउँछ । एक पटक पाठकमा कुनै मिडियाबारे नकारात्मक छाप पर्‍यो भने त्यसलाई हटाउन साह्रै गाह्रो हुन्छ ।

कुनै पनि मिडियाको प्रतिष्ठा दुईचार दिनमा बन्दैन । यसको लागि लामो संघर्षको खाँचो पर्छ । सबै मिडियाले आफूलाई स्वतन्त्र, निष्पक्ष र जनहितको लागि संचालित भनेर दाबी गर्ने गर्छन्, तर अडियन्सले यो कुरा मिडियाको काम हेरेर मात्रै विश्वास गर्छन् । अहिलेको अडियन्स धेरै चनाखा भइसके । उनीहरू कुन मिडियाले कुन राजनीतिक दल वा नेताको पक्षमा काम गर्छ भन्ने कुरा बुझ्न सक्छन् । राष्ट्रिय र स्थानीय समस्याबारे कुन मिडियाको के नीति छ ? मिडियाले कसको दवावमा परेर वा कसको हितलाई

ध्यानमा राखेर काम गर्छ ? सरकार प्रति त्यसको के नीति र व्यवहार छ ? मिडियाले जनसरोकार वा जनहितको पक्षमा कति आवाज उठाउँछ ? कि केवल बोक्रे सहानुभूति देखाउँछ ? जनताको सुखदुःखप्रति उसको कस्तो धारणा छ ? हेपिएका, पाखा परेका, बोल्न नसक्ने, असहाय, बालवृद्ध र महिलाको पक्षमा बोल्छ कि बोल्दैन ? आदि कुराहरूबाट मिडियाले जनसमर्थन, लोकप्रियता र प्रतिष्ठा आर्जन गर्छ वा गुमाउँछ । प्रजातान्त्रिक व्यवस्थामा सरकारले जनतालाई कुनै कुरा लुकाउँदैन । त्यस्तै मिडियाबाट पनि जनताले त्यही अपेक्षा गर्नु स्वाभाविक हो । प्रजातान्त्रिक देशहरूमा मिडियाले विशेष अधिकार र महत्व पाउनुको मुख्य आधार नै प्रेसको जनउत्तरदायी र नैतिक भूमिका नै हो ।

## पत्रकारको नैतिक जिम्मेवारी

- पत्रकारले समाचार वा लेखसँग सम्बन्धित व्यक्ति वा संस्थासँग वा समाचारको स्रोतसँग कुनै पनि बहुमुल्य बस्तु, सेवा, सुविधा वा लाभको अवसर लिनु हुँदैन ।
- समाचार वा लेखको विषयसँग पत्रकारको हित वा स्वार्थ गाँसिएको हुनुहुँदैन । उदाहरणको लागि पत्रकारले कुनै

कम्पनीको सेयर लिएको छ भने त्यो कम्पनीको आम्दानी खर्चको बारेमा उसले समाचार वा टिप्पणी लेख्न हुँदैन ।

- पत्रकारको अन्तिम र प्रमुख उत्तरदायित्व समाजप्रति हुन्छ ।
- सदा सत्य, निष्पक्ष र स्वतन्त्र हुनुपर्छ ।
- विपन्न, अपांग, विपक्षी वा भिन्न मत वा विचार राख्नेहरूप्रति सहानुभूति राख्नुपर्छ ।
- शक्तिहीन, निमुखाहरू पीडित/शोषित/शिकार हुँदा त्यस्ता घटनाबारे नैतिकरूपले आलोचकको भूमिका खेल्नुपर्छ ।
- नीति र योजना असफल भयो भने नीतिनिर्माता र योजनाकारहरूमाथि असफलताको जिम्मेवारी बोकाउन कम्मर कस्नुपर्छ ।
- आफूले तयार पारेको समाचार लेखले मानिसहरूलाई अनाहकमा चोट पुऱ्याउँछ कि भनी सोच्नुपर्छ ।
- अतिरंजित वा सनसनीपूर्ण समाचार लेखमा जोड दिनु हुँदैन ।
- कसैको निजी जीवन वा गोपनीयतामा हस्तक्षेप गर्नु हुँदैन ।
- आफ्नो सीप र ज्ञान निरन्तर बढाउन प्रतिवद्ध हुनुपर्छ ।

पत्रकारहरूको लागि बनाइएका आचार संहिताहरूले के गर्न हुन्छ र के गर्न हुँदैन भनेर व्याख्या गरेता पनि असल पत्रकार बनाउने काम आचार संहिताले होइन पत्रकार स्वयंको संकल्पले गर्छ । पत्रकारितताका नैतिकता तथा उद्देश्यप्रति निष्ठा र संकल्पले मात्रै सफल, सद्विवेकी र असल नियतको पत्रकार जन्माउँछ ।

## *२.२ मानहानी*

कुनै व्यक्ति, संस्था, कम्पनी वा निकायविरूद्ध गलत कुरा प्रकाशित वा प्रसारित गर्नु मानहानी हो । कसैको विरूद्ध झूटो कुरा लेखेर, बोलेर वा संकेत गरेर निजको इज्जत प्रतिष्ठामा धक्का लगाउनु, कसैलाई हाँसो वा घृणाको पात्र बनाउनु पनि मानहानी हो । मानहानी भएको व्यक्तिको जागिर गुम्ने, पदोन्नति रोकिने, काम नपाउने, व्यापार व्यवसाय गर्न नपाउने वा घाटा लाग्ने, बिहे रोकिनेदेखि लिएर सामाजिक तथा आर्थिक रूपले विभिन्न प्रकारले नोक्सानी हुनसक्छ । यस्तो नोक्सानीबापत पीडित पक्षले मिडियाबाट अदालतमार्फत क्षतिपूर्ति भराउनसक्छ । पश्चिमी मुलुकहरूमा मानहानी गरेबापत मिडियाले ठूलो आर्थिक सजाय

तिर्नुपर्छ । कतिपय मिडिया बन्द हुने अवस्थामा पुग्छन् । यसैले मानहानीको विषयमा मिडियाहरू विशेष सतर्क हुन्छन् । तिनीहरूले कानुन विशेषज्ञहरूको सेवा लिइरहेका हुन्छन् र अधिकांश मुद्दा अदालतबाहिर मिलापत्र वा लेनदेन गरी टुंग्याउने चलन छ ।

प्रेसको सबैभन्दा बलियो हतियार नै सत्य हो । अतः मानहानीको मुद्दाबाट जोगिने सबैभन्दा महत्वपूर्ण उपाय त समाचार लेख प्रकाशित प्रसारित हुनुअगावै त्यसको सत्यताको पुष्टि गर्नु हो । साथै समाचारमा उल्लिखित व्यक्ति वा संस्थाको भावना र दृष्टिकोणमा चासो राखेर तथा बुझेर लेख्नाले पनि मानहानीबाट जोगिन सकिन्छ । कसैको भनाइ उद्धृत गर्दा जस्ताको तस्तै उद्धृत गर्नु अनि कसैको पनि नाम, ठेगाना, उमेर सही तरिकाले छाप्नु मानहानीबाट बच्ने अरू उपायहरू हुन् । कथंकदाचित गल्ती भइहाल्यो भने तत्कालै भूल सुधार वा क्षमा याचना छापेर वा प्रसार गरेर पनि मानहानकिो मुद्दाबाट जोगिनसकिन्छ । समाचारसँग सरोकार नभएका मानिसहरूको उल्लेख नगर्ने, तथा समाचारमा उल्लिखित व्यक्तिका नातेदारहरूको घटनामा संलग्नता छैन भने उनीहरूको नाम उल्लेख नगर्नु पत्रकारिताको नैतिकता पनि हो र मानहानीबाट जोगिन पनि यो नैतिकताको पालना गर्नुपर्छ ।

**संरक्षित वर्ग** : सबै मानिस कानुनको दृष्टिमा बराबर भए पनि केही व्यक्तिलाई थप सुविधा वा सुरक्षाको खाँचो हुन्छ । केटाकेटी, महिला, वृद्ध, अपांग, सुस्तमनःस्थिति भएका मानिसहरू यस्तो वर्गभित्र पर्छन् जसबारे समाचार बनाउँदा विशेष ध्यान दिनु पर्ने हुन्छ ।

कुनै घटना वा विषयबाट पीडित पक्षलाई नै थप पीडा पुग्ने गरी समाचार लेख्नु हुँदैन । बलात्कार, महिलाप्रति दुर्व्यवहार, बालबालिकामाथि यौन दुराचारजस्ता विषयमा गोपनीयताको कदर गरिनुपर्छ । यस्तो घटनाहरूमा पीडितहरूलाई चिनाउँदा उनीहरूले झन धेरै दुःख पाउने वा समाजमा उनीहरूको इज्जत प्रतिष्ठा घटने हुँदा यस्तो विषयमा समाचार लेख्दा उनीहरूको नाम, ठेगाना, फोटो आदि दिएर परिचय खुलाउनु हुँदैन । बलात्कारको मुद्दा अदालतमा साबित भएर फैसला भए पनि पीडित महिलाको परिचय सार्वजनिक गर्नु उचित होइन ।

उमेर नपुगेका नाबालकले अपराध गरेकोमा कानुनले समेत बेग्लै अदालत र सुधारगृहको व्यवस्था गरेको छ । नाबालकले गरेको अपराधलाई एक हदसम्म अज्ञानतावश गरिएको मानिन्छ । यसैले त्यस्ता बाल अपराधीहरूको फोटो र परिचय प्रकाशित गर्नु हुँदैन । उनीहरूलाई सुध्रने मौका दिनुपर्छ ।

**अपराधी र पूर्वअपराधी** : अदालतले अपराधी नठहऱ्याएसम्म कसैलाई पनि अपराधी भन्न पाइँदैन । अदालतले अपराधी ठहऱ्याई तोकेको सजाय भोगिसेका व्यक्तिले समाजमा मिलेर बस्न वा नयाँ जीवन सुरू गर्नसक्छ । यसको लागि समाज र सरकारले उसलाई अवसर दिनुपर्छ । अतः यस्ता सजाय भोगिसकेका मानिसहरूबारे समाचार लेख्दा पुराना अपराधी, पूर्व हत्यारा भनी छाप्नु उसको गोपनीयताको हनन हो ।

**अपराधीका नातेदार** : अभियुक्त वा अपराधीका नातेदारहरू घटना वा अपराध कार्यमा संलग्न छैनन भने उनीहरूको परिचय दिनु उनीहरूको गोपनीयताको हनन हो । अपराधका घटनासँग कुनै सरोकार नभएका नातेदारहरूलाई अभियुक्त वा अपराधीसँग जोडेर समाचारमा उल्लेख गर्नु हुँदैन । अपराधीले जति ठूलो अपराध गरे पनि उसका नातेदारहरूलाई सजाय दिइँदैन । नातेदारलाई मानसिक रूपले चोट पुग्ने वा उसको बेइजत हुने गरी समाचार प्रकाशित गर्नु हुँदैन ।

**आत्महत्याको समाचार** : कतिपय देशमा आत्महत्याको समाचार छापिँदैन । तर हामी कहाँ आत्महत्याको समाचार, फोटो र कसरी आत्महत्या गऱ्यो भन्ने तरिका र साधनको पनि विस्तृत विवरण

लेख्ने छाप्ने चलन छ । यसबाट अरूले, खास गरी केटाकेटीले आत्महत्या गर्न सिक्ने र अनुकरण गर्ने घटनाहरू बेलाबेलामा भएको देखिन्छ । यसैले आत्महत्याको समाचार दिँदा विचार पुऱ्याउनुपर्छ । आत्महत्या वा अन्य दुर्घटनामा मर्ने मृतकको बेइज्जत हुने वा मृतकका आफन्तहरूलाई चोट पुग्ने गरी विकृत, विभत्स फोटो छाप्न हुँदैन ।

## *१.३ अदालतको मानहानी*

अदालतको मानहानी भनेको कानुनद्वारा स्थापित न्यायसम्पादन गर्ने निकाय र अधिकारीको वा तिनले गरेका कामकारवाहीको अपहेलना, अपमान, उपेक्षा गर्नु हो । अदालतमा चलिरहेको मुद्दामालिलामा हस्तक्षेप गर्ने, वा मुद्दाका पक्षविपक्ष र तिनका साक्षीहरूबारे पूर्वाग्रह फैलाउने काम पनि अदालतको मानहानीभित्र पर्छ । मानहानी इजलासमा वा अदालतभित्र र बाहिर अप्रत्यक्ष तरिकाले पनि हुनसक्छ ।

अदालतको इजाजतबिना इजलासभित्र पस्नु, मुद्दाका पक्षविपक्ष वा साक्षीहरूको र अदालती कार्वाही/प्रक्रियाको फोटो वा भिडियो खिच्नु वा प्रत्यक्ष प्रसारण गर्नु वा लेख्नु पनि प्रत्यक्ष मानहानीभित्र पर्नसक्छ ।

अदालती कार्वाहीको झुटो वा गलत रिपोर्ट गर्नु, विधिसम्मत ढंगले न्यायसम्पादन गर्नमा वाधा वा हस्तक्षेप हुने गरी रिपोर्ट गर्नु अदालतको अप्रत्यक्ष मानहानी हो । अदालत, न्यायाधीशहरू, न्यायाधीशहरूको परिषद तथा वादी वा प्रतिवादीहरूलाई दोषारोपण गरी वा उक्साउने गरी कुनै कुरा प्रकाशित प्रसारित गर्दा पनि अप्रत्यक्ष मानहानी हुन्छ ।

अदालतको सबै कार्वाही टुंगिएपछि अर्थात् फैसला सुनाएपछि प्रेसले तथ्यको आधारमा फैसलाबारे टीकाटिप्पणी र आलोचना गर्नसक्छ । न्यायाधीशहरूमाथि व्यक्तिगत आक्षेप, अयोग्यता, पक्षपात, न्यायिक इमान्दारिताको अभाव, राजनीतिक पूर्वाग्रह वा अन्य लाभ वा लोभमा फँसेका कुराको आरोप लगाउनु पनि अदालतको मानहानीभित्र पर्छ ।

## २.४ पत्रकार र समाचारको स्रोत

पत्रकारको पहिलो काम जनतालाई चाहिने र जनताले रूचाउने समाचार खोज्नु हो । यसको लागि पत्रकारले कुनै पनि सार्वजनिक स्थल तथा सार्वजनिक कार्यक्रममा पुग्नसक्छ । तर कुनै व्यक्ति वा संस्थाको निजी कार्यक्रममा भाग लिनको लागि पत्रकारले

निम्तो वा अनुमति लिनुपर्छ । पत्रकारले सबै ठाउँ वा सबै कार्यक्रममा भाग लिन भ्याउँदैन । एकै दिन धेरै ठाउँमा विभिन्न कार्यक्रम हुनसक्छ । त्यस्तो अवस्थामा पत्रकारले कार्यक्रमको महत्व, जनहित, जनरूचि आदि विचार गरेर त्यसबारे विभिन्न स्रोतबाट जानकारी लिनसक्छ । यसको लागि पत्रकारसँग जनसम्पर्क सीप हुनुपर्छ । उसले महत्वपूर्ण कार्यालय, निकाय, स्थानहरूमा विश्वसनीय सम्पर्कसूत्र बनाउनुपर्छ । यस्ता सूत्रहरू खुला पनि हुनसक्छन् र गोप्य पनि हुनसक्छन् । गोप्य सूत्रको गोप्यताको संरक्षण गर्नु पत्रकारको व्यावसायिक कर्तव्य हो ।

दक्ष पत्रकारले सकेसम्म धेरै स्रोत बनाउँछ । स्रोत जति धेरै भयो उति धेरै समाचार पाउनसकिन्छ र कुनै पनि समाचारको सत्यता जाँच्न सजिलो हुन्छ । यसैले किसानले फलफूलका बेर्ना रोपेर मलजल दिएर फल फलाएझैं पत्रकारले सकेसम्म धेरै स्रोतहरू हुर्काउँछ र समाचारको खेती गर्छ । स्रोतहरूले भनेको बेलामा सम्पर्क गर्छ र उनीहरूको विश्वास जित्छ । तर उसले मेरो सम्बन्ध फलाना व्यक्तिसँग छ भनेर घमण्ड गर्दैन । आफ्नो सूत्रको सम्मान गर्छ । उसले आफ्नो सूत्र अन्तर्गत काम गर्ने कर्मचारीहरूसँग पनि मित्रतापूर्ण व्यववहार गर्छ ।

घटनाको विवरण वा समाचार सही भए पनि समाचार प्राप्त गर्ने तरिका गलत हुनु हुँदैन । कसैको घर, वासस्थान वा अस्पतालभित्र नसोधीकन पसेर समाचार संकलन गर्नु हुँदैन । गोप्य राख्ने वाचा गरेर प्राप्त गरेको जानकारी वा कुनै निजी बैठक वा बसाइमा भनिएका कुरालाई समाचार बनाउनु हुँदैन ।

कसैको चिठी खोल्ने, फोन सुन्ने र टेप गर्ने, कोठामा गोप्य रूपमा माइक्रोफोन जडान गरेर कुरा सुन्ने (बगिंग गर्ने), घरभित्र पसेर स्वीकृति नलिई फोटो खिच्ने, अभिभावकको स्वीकृति नलिई केटाकेटीको फोटो खिच्ने, दूरबीन वा टेलिस्कोपबाट कसैको घरको चियो गर्ने, टेलिलेन्स लगाएर फोटो खिच्नेजस्ता काम गोपनीयताको हनन हो ।

समाचार संकलन गर्न घटना घटेको ठाउँमा पुग्न पाउनु प्रेसको अधिकार हो । प्रेसले सार्वजनिक स्थल, संघसंस्था, सरकारी तथा जनसरोकारका निकाय, कार्यालयहरूमा जान, त्यहाँबाट सूचना पाउन, कागतपत्र हेर्न, अदालतको कार्वाहीमा भाग लिन र फैसलाको प्रतिलिपि लिन तथा स्वतन्त्रतापूर्वक देशभित्र र बाहिर पनि यात्रा गर्न पाउनुपर्छ । तर सूचना पाउने प्रेसको अधिकार प्रेसको मात्र विशेष अधिकार होइन । यो आम जनताको अधिकार हो ।

प्रेसले आमजनताको वारेसको हैसियतले यो विशेषाधिकारको उपभोग, दावी गरेको हो ।

नेपालमा सूचनाको हकसंबंधी कानुन बनिनसकेको हुँदा सर्वोच्च अलालतले स्थापना गरेको नजिरको आधारमा प्रेसले केही मात्रामा भए पनि सूचना पाउने अधिकार उपभोग गर्न पाएको छ । प्रेस र सरकारबीच विवाद हुँदा न्यायालयले धेरैजसो मुद्दामा प्रेसको पक्ष लिएको देखिएता पनि स्वयं न्यायालयको कार्वाहीको रिपोर्टिंगको सम्बन्धमा भने अदालत प्रेस प्रति अनुदार देखिन्छ । अहिलेसम्म पनि न्यायालयभित्र क्यामेराले प्रवेश पाएको छैन । कतिपय पत्रकारहरू अनावश्यक रूपमा अदालतको मानहानीको मुद्दामा फँस्नुपरेको कारणले गर्दा न्यायालायका गतिविधिबारे समाचार टिप्पणी छाप्दा प्रेसले स्वसेन्सर गर्ने प्रवृत्ति पूर्ण रूपमा मेटिएको छैन ।

हाल आएर नेपाली प्रेसमा अदालतको रिपोर्टिंग महत्वपूर्ण पत्रकारिता विधाको रूपमा विकास भइरहेको छ । अदालतको मानहानीको विषय र अदालती रिपोर्टिङ बेग्लाबेग्लै विषय हो भन्ने मान्यता बलियो हुँदै गएको छ ।

## २.५ प्रेस विज्ञप्ति, पत्रकार सम्मेलन र अन्तर्वार्ता

आमजनतामा पुग्न, आफ्नो नीति, योजना वा धारणा प्रचार प्रसार गर्न, सार्वजनिक बहस चलाउन र कुनै विचार र कामका लागि सहयोग जुटाउनका लागि सरकारी तथा गैरसरकारी संस्था वा निकायहरूले आमसंचार माध्यमलाई विभिन्न तरिकाले उपयोग गर्छन् । पत्रकार सम्मेलनको आयोजना, प्रेस विज्ञप्ति प्रकाशन, अन्तर्वार्ता आदि जनसम्पर्कका प्रचलित तरिका हुन् । जनसम्पर्कका लागि अधिकांश कार्यालयमा जनसम्पर्क विभाग वा जनसम्पर्क अधिकारी नियुक्त गरिएको हुन्छ ।

मानवअधिकार, वातावारण, स्वास्थ्य, शिक्षा आदि विषयमा चेतना फैलाउन, नीति, कानुन तथा योजना बनाउन दबाव दिनका लागि विभिन्न संस्थाहरूले जनवकालतको कार्यक्रम चलाउँदा संचार माध्यमहरूको सकेसम्म उपयोग गर्छन् जसलाई मिडिया एड्भोकेसी भनिन्छ ।

उद्योगधन्दा तथा विभिन्न व्यापारव्यवसाय गर्ने कम्पनीहरूले पनि जनसम्पर्कको लागि बेग्लै व्यवस्था गरेका हुन्छन् । उनीहरूको कामको सफलता उनीहरूले उत्पादन गर्ने मालसामान वा उनीहरूले

दिने सेवामा भर पर्ने हुनाले आफ्ना उत्पादन र सेवाको प्रचार प्रसार गर्नु तिनीहरूको जनसम्पर्क विभाग वा जनसम्पर्क अधिकारीको काम हो । व्यापारिक कम्पनीहरूले विज्ञापनका लागि धेरै बजेट छुट्याएका हुन्छन् । उनीहरूले पनि प्रेस विज्ञप्ति निकाल्छन र भव्य होटलमा खर्चिलो पत्रकार सम्मेलनको आयोजना गर्छन् ।

पत्रकारहरूले कुन कुरा नाफा कमाउने विज्ञापन हो, कुन कुरा राजनीतिक दलको प्रचार सामग्री हो, कुन कुरा सार्वजनिक हितको लागि गरिएको अभियान हो भन्ने कुरा बुझ्नेनन् भने प्रेस विज्ञप्ति, अन्तर्वार्ता र प्रेस सम्मेलनको आधारमा बनाइने समाचारमा धेरै गडबडी हुनसक्छ । विज्ञापनलाई समाचार र सार्वजनिक हितका कुरालाई विज्ञापनको रूप दिनु पत्रकारिताको नैतिकता होइन ।

## २.६ पत्रकार र राजनीतिक नेता

पत्रकार र राजनीतिक नेताहरूबीच बडो अनौठो सम्बन्ध हुन्छ । उनीहरू एकले अर्कालाई प्रायः देखी सहँदैनन् । तैपनि पत्रकार र नेताहरू एकअर्काबिना बाँच्नसक्तैनन् । समाचार वा अन्तर्वार्ता लिन आउने पत्रकारहरूलाई लौरो लाएर लखेटने नेताहरू पनि हामीकहाँ नभएको होइन । हुनत पत्रकारहरूलाई अन्तर्वार्ता दिनु

नदिनु वा उनीहरूसँग कुरा गर्नु वा नगर्नु नेताहरूको अधिकारको कुरा हो, तर नेताहरूको घरमा जानु उनीहरूको गतिविधि र विचार थाहा पाउनु पत्रकारहरूको व्यावसायिक वाध्यता पनि हो ।

देश र जनताको भाग्य कोर्ने राजनीतिक दलहरू र तिनका नेताहरूको चिन्तन, आचार र व्यवहारबारे जनताको जिज्ञासा मेटाउनको लागि पत्रकारलाई निरन्तर राजनीतिक नेताहरूको समाचार विचार, अन्तर्वार्ता चाहिन्छ । त्यसरी नै नेताहरूलाई पनि आफ्नो विचार, नीति तथा कार्यक्रम जनतामा पुऱ्याउनका लागि प्रेसको आवश्यकता हुन्छ । तर नेता तथा प्रेसको जिम्मेवारी फरक हुन्छ । नेताहरू आफूलाई चुन्ने जनताप्रति जिम्मेवार हुन्छन् भने प्रेस आफ्नो अडियन्स अर्थात् पाठक, श्रोता र दर्शकप्रति जिम्मेवार हुन्छ ।

नेता जन्माउन, हुर्काउन र गिराउन पनि मिडियाको महत्वपूर्ण भूमिका हुन्छ । यसैले नेताहरूले पत्रकारहरूको काँधमा चढेर आफ्नो यात्रा सफल पार्न खोज्छन् । यसको लागि उनीहरूले पत्रकारलाई कहिले खुशी पार्न खोज्छन् , कहिले घुस ख्वाउन र कहिले धम्क्याउन पनि खोज्छन् । तर एक पल्ट मिडियाको प्रकाशमा आइसकेपछि अचानक मिडियाप्रति उनीहरूको व्यवहार

फेरिनसक्छ । उनीहरू पत्रकारहरूको आनीबानीलाई लिएर नाना प्रकारका होच्याउने खालका टीकाटिप्पणी गर्न थाल्छन् । उनीहरूले जुन थालमा खायो त्यही थालमा प्वाल पार्ने भन्ने उखानलाई चरितार्थ पार्न बेरलाउन्नन् । तर यस्तो गर्ने नेताहरूको भविष्य लामो हुँदैन ।

अर्कोतिर प्रेसलाई नेताहरूको बेइमानी, भ्रष्टाचार, आपसी मारकाट, षडयन्त्र, गुटवन्दी, विश्वासघात आदिको खबर चाहिन्छ किनकि त्यस्तै खबरले ग्राहकको संख्या बढाउँछ । यस्ता कुरा छाप्न नपाइने हो भने प्रेसको काम विल्कुलै सीमित हुनजान्छ ।

क्षणिक लोकप्रियताको लागि प्रेसले भनेभनेको गर्ने वा प्रेसको पछिलाग्ने तथा प्रेसको बद्ख्वाइँ गर्ने दुबै खालका नेताको भविष्य दीर्घकालीन हुँदैन । त्यस्तै नेता वा दल विशेषको पछिलाग्ने वा पिछा गर्ने दुवै खालको प्रेस अडियन्सबाट टाढिँदै जान्छ । यसैले नेता तथा पत्रकार दुबैले आआफ्नो भूमिका र सीमा बुझ्नुपर्छ ।

## २.७ उपहार र पत्रकार

कुनै सिमेन्ट कारखानाले वातावरण बिगारेको विषयमा सिमेन्ट कारखानाकै गाडीमा चढेर त्यसकै मेजमानीमा गरिएको स्थलगत अध्ययन भ्रमणबाट तयार पारिएको रिपोर्ट कत्तिको भरपर्दो होला ?

अथवा यसरी पत्रकारले निकालेको निष्कर्ष जतिसुकै निष्पक्ष भए पनि त्यसको नैतिकतामा प्रश्न गर्ने ठाउँ रहिनैरहन्छ । कुनै कम्पनी वा संस्थाले व्यवसाय प्रवर्द्धनका लागि बाँड्ने कलम, डायरी, क्यालेण्डरजस्ता सानातिना उपहार पत्रकारले लिनु स्वभाविक हो तर कुनै तारे होटलमा भोज वा छुट्टी मनाउने निम्तो, दशैंको अवसरमा लुगा वा बोकाखसी, विदेश भ्रमणको अवसरजस्ता महँगा उपहारले पत्रकारको पेशागत हितमा सँधै प्रश्न खडा गर्छ । व्यक्तिगत जीवनमा खुशीयाली ल्याउने यस्ता उपहारहरूले व्यावसायिक जीवनको सत्यानाश गर्नसक्छ ।

## २.८ पार्टी, रक्सी र पत्रकार

भोज भतेर र रक्सी पत्रकारको यस्तो कमजोरी हो जसको उपयोग राजनीतिक नेताहरू, व्यापारीहरू र कूटनीतिक क्षेत्रका मानिसहरूले हमेसा गर्न खोज्छन् । नाम चलेका मिडियाका सम्पादक, विशेष सम्वाददाताहरूलाई कूटनीतिक निकायहरूले भन्सार सुविधा प्राप्त विदेशी मदिरा र चुरोट उपहार दिने चलन हाम्रो देशमा निक्कै चलेको छ । सम्पादकहरूका लागि ककटेल पार्टी आयोजना गर्नु कतिपय निकायहरूको नियमित काम नै हुन्छ ।

कतिपय पत्रकारहरूको विचारमा रक्सी खाएको मानिससँग कुरा थुत्न सजिलो हुन्छ । विशेष खालका, महत्वपूर्ण र समाचारको स्कुप रक्सी लागेको मानिसबाट पाउनसकिन्छ भनी ठान्छन् उनीहरू । तर कुरा ठिक उल्टो हुन्छ । सामान्य मानिसबाट रक्सीको सुरमा कुरा निस्कनु बेग्लै कुरा हो तर राजनीतिक नेता, कूटनीतिक व्यक्ति तथा माथिल्लो पदमा काम गर्ने व्युरोक्र्याट्हरू प्रायः रक्सीको सुरमा बोल्दैनन् । बरू उनीहरूले रक्सीको सुरमा भनेजस्तो वा कुरा फुस्काएजस्तो गरी आफूले मिडियामा ल्याउन खोजेका कुरा पत्रकारलाई सुनाएर झुक्याउने गर्छन् ।

कुनै पनि कूटनीतिक व्यक्ति तथा उच्चपदस्थ कर्मचारीले पत्रकारलाई मित्रताको नाताले, माया गरेर वा पत्रकारको हित होस् भनेर तात्तातै बिक्ने समाचार स्कुप दिँदैन । यसरी समाचार दिने उनीहरूको कामको एउटा हिस्सा हो । किनकि अरू तरिकाले समाचार दिँदा मिडियाले क्यारी नगर्नसक्छ ।

हाम्रो समाजमा मात्रै होइन कूटनीतिक समुदायभित्र पनि रक्सी कहाँ छ भनी सुँघ्दै हिंडने पत्रकार चाँडै नै बदनाम हुन्छ । उसलाई मानिसहरूले पत्याउन छाड्छन् । धेरै रक्सी खाने

पत्रकारले पहिले आफ्नो सम्मान गुमाउँछ, अनि विश्वसनीयता गुमाउँछ र आखिरमा जागिर पनि गुमाउनसक्छ । यसैले पत्रकारको नाताले जनसम्पर्कको लागि भोज भतेर, पार्टी, रक्सी आदिमा सहभागी हुनु यो पेशामा लागेका कतिपय व्यक्तिका लागि आवश्यक भए पनि रक्सी र चुरोट सकेसम्म थोरै खानु नै बेस हुन्छ । रक्सी पिए पनि नलाग्ने गरी अडकलेर पिउनुपर्छ ।

# ३ पत्रकारको अधिकार

## ३.१ विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकसम्बन्धी अन्तर्राष्ट्रिय घोषणा, सम्झौता र आलेख

मानव सभ्यताको विकासको आधार सूचना र ज्ञान हो । सूचना र संचारमा बाधा, अवरोध र विकृति आयो भने व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्व सम्बन्ध तथा स्थिति खल्बलिन्छ । यसैले मानवअधिकारको विश्व घोषणाले संचार अधिकारलाई मानिसको आधारभूत अधिकार मानेको छ । सोच्ने, विचार गर्ने र मनको कुरा बोलेर, लेखेर वा कुनै पनि माध्यमबाट व्यक्त गर्ने अधिकार मानिसको मौलिक मानवअधिकारलाई संयुक्त राष्ट्र संघको मानवअधिकार विश्व घोषणाको धारा १९ मा यसरी उल्लेख गरिएको छ :

प्रत्येक व्यक्तिलाई विचार, स्वतन्त्रता र प्रकाशनको अधिकार छ । विना कुनै हस्तक्षेप मत ग्रहण गर्ने र विना रोकटोक तथा सीमाना र माध्यमको बन्देज बिना कुनै पनि माध्यमद्वारा मत प्राप्त गर्ने खोज्ने र प्रसार गर्ने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।

यो अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय र क्षेत्रीय घोषणा, सम्झौता र आलेखहरूले पुष्टी गरेका छन् ।

**नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुवन्ध** (१६ डिसेम्बर, १९६६ मा पारित, २३ मार्च, १९७६ देखि लागू) को धारा १९ को प्रावधान यस्तो छ :

१ बिना कुनै हस्तक्षेप विचार राख्ने प्रत्येक व्यक्तिको अधिकार हुनेछ ।

२ प्रत्येक व्यक्तिलाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ । सीमाको बन्देज बिना मौखिक, लिखित अथवा मुद्रित कलात्मक रूपमा अथवा आफ्ना छनौटका अन्य कुनै माध्यम मार्फत सबै प्रकारका सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा दिने स्वतन्त्रता यसमा समावेश हुनेछन् ।

३ यस धाराको प्रकरण (२) मा व्यवस्था गरिएका अधिकारको भोग चलनमा विशेष कर्तव्य तथा दायित्व पर्दछन् । त्यसैले यसमा केही नियन्त्रण हुन सक्नेछ । तर ती नियन्त्रण कानूनले व्यवस्था गरेका तथा निम्न कुराका लागि आवश्यक परे मात्रै हुनेछ ।

क) अरूको अधिकार वा प्रतिष्ठाको सम्मानका लागि,

ख) राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको सुरक्षाका लागि ।

**मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि** (नोभेम्बर ४, १९५० मा अनुमोदित, सेप्टेम्बर ३, १९५३ देखि लागू) को धारा १० को प्रावधान :

१ प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, यस अन्तर्गत प्रत्येक व्यक्तिलाई कुनै अधिकारीको कुनै हस्तक्षेपबिना तथा कुनै सीमानाको मतलब नराखी विचार राख्ने तथा आफ्नो धारणा एवं आफूले चाहेको सूचना प्राप्त गर्ने र त्यसको प्रसार गर्ने स्वतन्त्रताको अधिकार हुनेछ । तर यो प्रावधानबाट राज्यलाई सिनेमा उद्योग, टेलिभिजन वा प्रसारण सम्बन्धमा सम्बन्धित पक्षबाट अनुमतिपत्र माग्न कुनै रोक लागेको मानिनेछैन ।

२ यी स्वतन्त्रताहरूको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरूसमेत समावेश हुने हुँदा यी स्वतन्त्रताको प्रयोग केही निश्चित औपचारिक सर्त, बन्देज वा दण्डसजायको अधीनमा गरिनेछ । र प्रजातान्त्रिक समाजमा देहायका कारणले यसो गर्नु आवश्यक हुनेछ :

- राष्ट्रिय सुरक्षा, सार्वजनिक सुरक्षा वा प्रादेशिक अखण्डताको हित,
- अव्यवस्था वा अपराधको निवारण,
- नैतिकता वा स्वास्थ्यको संरक्षण,
- अरूको अधिकार वा सम्मानको संरक्षण,
- गोप्य राख्नुपर्ने सूचनाको प्रकाशनलाई रोक्न, वा
- न्यायपालिकाको निष्पक्षता वा अधिकारलाई अक्षुण्ण राख्न ।

**मानव अधिकारसम्बन्धी अन्तर-अमेरिकी अभिसन्धि** (नोभेम्बर २२, १९६९ मा अनुमोदित, जुलाई १८, १९७८ देखि लागू) को धारा १३ मा उल्लिखित विचार तथा अभिव्यक्ति स्वतन्त्रता :

१ प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता हुनेछ, यसअन्तर्गत प्रत्येक व्यक्तिलाई बिनाकुनै बन्देज वा सीमा आफूले चोहेको सूचना तथा सबै प्रकारका विचार माग्ने, दिने,

प्राप्त गर्ने तथा त्यस्तो सूचना तथा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रचार गर्न पाउने स्वतन्त्रता हुनेछ ।

२ पछिल्ला अनुच्छेदहरूमा व्यवस्था गरिएका यी अधिकारको प्रयोग कुनै पूर्वसेन्सरसिपको अधीनमा हुनेछैन । तर कानूनद्वारा स्पष्ट उल्लेख गरी देहायको अवस्थामा आवश्यक पर्ने गरी यी अधिकारको प्रयोगमा बन्देज लगाउन सकिनेछ :

क) अरूको अधिकार वा प्रतिष्ठाको सम्मान, वा

ख) राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण ।

३ अखबार छाप्ने न्युजप्रिन्ट कागत, रेडियो प्रसारण गर्ने फ्रिक्वेन्सी, वा सूचना प्रसार गर्ने यन्त्रउपकरणहरूमाथि सरकारी वा निजी नियन्त्रणको दुरूपयोग गरेर, वा विचार र धारणाको संचार र प्रसारलाई रोकेर अभिव्यक्तिको हकलाई रोक्न पाइँदैन ।

४ माथि अनुच्छेद २ मा जेसुकै लेखिएको भए पनि बालबालिका तथा किशोरकिशोरीहरूको नैतिक आचरणलाई संरक्षण गर्ने उद्देश्यले सार्वजनिक मनोरञ्जनमा कानुनद्वारा प्रसारणपूर्व जाँच (सेन्सर) गर्न सकिनेछ ।

५ युद्ध उक्साउने कुनै पनि प्रचारबाजी, तथा जात, वर्ण, धर्म, भाषा वा राष्ट्रियतालगायत कुनै पनि आधारमा कुनै व्यक्ति वा व्यक्तिहरूको समूहका विरुद्धमा गैरकानुनी हिंसा वा यस्तै खालका अवैधानिक काम गर्न उक्साएर राष्ट्रिय, जातीय वा धार्मिक घृणाको पक्षमा वकालत गर्ने कार्यलाई कानुनद्वारा दण्डनीय अपराध मानिने छ ।

## *३.२ नेपालमा प्रेस स्वतन्त्रता र बन्देजसम्बन्धी संवैधानिक र कानुनी आधारहरू*

नेपाली प्रेसको वैधानिक तथा कानुनी आधार **नेपाल अधिराज्यको संविधान २०४७** नै हो । संविधानले नेपाली जनताको विचार तथा अधिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति दिएको छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७** को भाग ३ मा **मौलिकहक**को यस्तो व्यवस्था गरिएको छ :

### धारा १२

(२) सबै नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :

क) विचार र अभिव्यक्तिको स्वतन्त्रता

ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता

ग) संघ, संस्था खोल्ने स्वतन्त्रता

घ) अधिराज्यभरि आवतजावत र बसोबास गर्ने स्वतन्त्रता र

ङ) कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता

तर खण्ड (क) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पार्ने वा राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

**धारा : १३ छापाखाना र पत्रपत्रिकासम्बन्धी हक**

(१) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गर्न पूर्व प्रतिबन्ध लगाइने छैन ।

तर नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जातजाति वा सम्प्रदायका बीचको सुसम्बन्धमा खलल पार्ने वा राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा

नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै समाचार, लेख वा कुनै पाठ्यसामग्री मुद्रण गरेबापत छापाखाना बन्द वा जफत गरिने छैन ।

(३) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गरेबापत कुनै सामाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन ।

**धारा १६ : सूचनाको हक**

प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।

तर यस धारामा लेखिएको कुनै कुराले कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन ।

**धारा २२ : गोपनीयताको हक**

कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ ।

## ऐनहरू

### *क) नागरिक अधिकार ऐन, २०१२*

दफा १० : **नागरिकको बासस्थानको रक्षा** : प्रचलित नेपाल कानुनको अख्तियार बिना कुनै नागरिकको बासस्थानमा जवर्जस्ती प्रवेश गर्न हुँदैन ।

दफा १२ : **वैयक्तिक स्वतन्त्रता** : प्रचलित नेपाल कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता हरिने छैन ।

### *ख) छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८*

दफा १२ : **पूर्व प्रतिबन्ध नलगाइने** :

दफा १४ र १५ बमोजिमको अवस्थामा बाहेक कुनै पत्रपत्रिकाका कुनै समाचार, लेख वा पाठ्यसामग्री प्रकाशित गरे वापत त्यस्तो पत्रिकाको दर्ता खारेज छैन ।

दफा १३ : पत्रपत्रिका दर्ता खारेज नगरिने

दफा ७ बमोजिम दर्ता भएको कुनै पत्रपत्रिकाका कुनै समाचार, लेख वा पाठ्यसामग्री प्रकाशित गरे बापत त्यस्तो पत्रपत्रिकाको दर्ता खारेज गरिने छैन ।

**दफा १४: (प्रतिवन्धात्मक दफाहरू)**

क) श्री ५ महाराजधिराज वा राजपरिवारप्रति घृणा वा निरादर गराउने वा अपहेलना वा द्वेष बढाउने वा श्री ५ को प्रतिष्ठामा आँच आउने,

ख) नेपाल अधिराज्यको सार्वभौमसत्तामा र अखण्डतामा आँच आउने,

ग) नेपाल अधिराज्यको सुरक्षा, शांन्ति र व्यवस्थामा खलल पर्न जाने,

घ) विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने र

ङ) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

**दफा १५: प्रकाशनमा निषेध**

१) राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना

वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशित गर्न नपाउने गरी वा सोही सूचनामा (छापाखाना तथा प्रकाशनसम्बन्धी (पहिलो संशोधन) ऐन, २०४८ द्वारा थपिएको) तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिमको आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठयसामग्री प्रकाशित, अनुवाद वा उद्धरण गर्न समेत हुँदैन ।

## राज्यविरुद्धको अपराध र सजाय ऐन, २०४६

### (४) राजद्रोह

४(१)कसैले लेखेर वा वचनले वा आकार र चिन्हद्वारा वा अन्य कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले श्री ५ महाराजधिराज वा राजपरिवारकाप्रति घृणा, द्वेष वा अवहेलना गरे गराएमा वा सो गर्ने उद्योग गरेमा वा दुरूत्साहन दिएमा तीन वर्षसम्म कैद वा तिन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

४(२) कसैले स्वतन्त्र एवम् अविभाज्य नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डतामा खलल पर्नसक्ने गरी वर्गीय, जातीय, धार्मिक वा यस्तै अरू कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम कारवाही गरे गराएमा वा सो गर्ने उद्योग गरेमा वा दुरुत्साहन दिएमा तीन वर्षसम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

४(३) कसैले लेखेर वा वचनले वा आकार र चिन्हद्वारा वा करू कुनै किसिमबाट श्री ५ को सरकारको काम कारवाहीको उल्लेख गरी निराधार अप्रमाणित कुरा देखाई श्री ५ को सरकारप्रति घृणा, द्वेष वा अवहेलना गरे गराएमा वा सो गर्ने उद्योग गरेमा दुई वर्षसम्म कैद वा दुई हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

**केही सार्वजनिक अपराध र सजाय ऐन, २०२०** : २ (ञ) कसैलाई डर, त्रास वा दुःख दिने, अपमान वा बेइज्जत गर्ने वा हैरानी गर्ने हेतुले टेलिफोन, चिठी पत्र वा अन्य कुनै साधन वा माध्यमद्वारा धम्की वा गाली दिने वा जिस्क्याउने वा अन्य कुनै अनुचित काम कुरा गर्ने ।

विचार तथा अभिव्यक्ति स्वतन्त्रतासँग सरोकार राख्ने अन्य केही ऐनकानुन :

- गाली बेइज्जती ऐन,२०१६
- जासुसी ऐन, २०१८
- राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६
- लिखतहरूको गोप्यता संबंधी ऐन, २०३९
- प्रतिलिपी अधिकार ऐन, २०२२
- मुलुकी ऐन

  क) कागज जाँच महलको ११ नं.

  ख) अदालती बन्दोबस्तको २१७ नं.

**अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रित गर्ने प्रमुख विषयहरू :** हरेक समाजमा स्वतन्त्र अभिव्यक्तिलाई कुनै न कुनै मात्रा वा रूपमा नियन्त्रित गरिएको हुन्छ । यस्तो नियन्त्रण सामान्यतया निम्नलिखित कामको लागि गरिएको पाइन्छ :

- व्यक्ति वा समाजलाई अवहेलना वा बेइज्जतीबाट जोगाउन,
- समाजमा शिष्टता र नैतिकता कायम राख्न,
- देशलाई विद्रोह वा शत्रुबाट जोगाउन,

- उद्योग व्यवसायलाई हानीनोक्सानीबाट बचाउन र
- लेखक तथा प्रकाशकको कृतिमाथि अधिकार (कपीराइट) को रक्षा गर्न ।

## ३.३ पत्रकारहरूको अधिकार र कर्तव्यबारे अन्तर्राष्ट्रिय दस्तावेज तथा विभिन्न देशको अभ्यास

पत्रकारलाई स्वतन्त्र वातावरणमा काम गर्ने परिस्थिति बनाउनका लागि राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरू आयोजना गरी पत्रकारहरूको अधिकार र कर्तव्यबारे घोषणापत्र तथा समझदारीपत्रहरू जारी भएका छन् । यहाँ यस्ता दस्तावेजहरू प्रस्तुत गरिएका छन् ।

### पत्रकारहरूको अधिकार र कर्तव्यबारे म्युनिख घोषणापत्र

यो घोषणापत्र सन् १९७१ नवम्बर २४ र २५ मा म्युनिखमा तयार पारी अनुमोदन गरिएको थियो । पछि यसलाई पत्रकारहरूको अन्तर्राष्ट्रिय महासंघ (आईएफजे) लगायत युरोपका विभिन्न देशका पत्रकारहरूको प्रतिनिधित्व गर्ने संस्थाहरूले स्वीकार गरे ।

**प्रस्तावना** : सूचना पाउने हक, अभिव्यक्ति र आलोचना गर्ने स्वतन्त्रता मानिसका मौलिक अधिकारहरूमध्ये एक हो । घटना तथा विचारहरूबारे सूचित हुने जनताका अधिकारहरूबाट नै पत्रकारका सबै अधिकार र कर्तव्यहरूको सिर्जना हुन्छन् । पत्रकारहरूलाई जागिर दिने संस्था र व्यक्तिहरू तथा सार्वजनिक पदमा काम गर्ने व्यक्तिहरूप्रति भन्दा जनताप्रति पत्रकारहरूको दायित्व बढी हुन्छ । जनताप्रतिको उसको दयित्वले उसका अरूप्रतिका दायित्वहरू, खास गरी आफ्नो मालिक र सार्वजनिक पदाधिकारीहरूप्रतिको दायित्वलाई उछिन्छ । सूचनाको उद्देश्यभित्र नै त्यस्ता मर्यादा वा बन्देजहरू परेका हुन्छन् जो पत्रकारहरूले आफुखुशी आफैमाथि स्वतःस्फुर्त रूपमा लागू गर्छन् । तल सूत्रबद्ध गरिएका दायित्वहरूको उद्देश्य यही हो । पत्रकारले आफ्नो व्यवसाय पालन गर्दा आत्मनिर्भरता र व्यावसायिक सम्मानको स्थितिमा मात्र यी कर्तव्यहरू पूरा गर्नसक्छन् । अधिकार सम्बन्धी तल लेखिएको घोषणाको अभिप्राय यही हो ।

## कर्तव्य

१. जस्तोसुकै परिमाण भोग्नु परे पनि सत्यको सम्मान गर्नुपर्छ किनकि सत्य थाहा पाउनु जनताको अधिकार हो ।

२. सूचना पाउने, टिप्पणी गर्ने र आलोचना गर्ने स्वतन्त्रताको रक्षा गर्नुपर्छ ।

३. आफूलाई स्रोत थाहा भएका आधारमा मात्र रिपोर्ट गर्नुपर्छ । आवश्यक वा अभिन्न सूचनाहरू दबाउनु हुँदैन । मूल पाठ (texts) र कागतपत्रहरू (documents) हेरफेर गर्नु हुँदैन ।

४. समाचार, फोटो र कागजातहरू प्राप्त गर्न गैरकानुनी तरिका अपनाउनु वा जाल झेल गर्नु हुँदैन ।

५. अरू व्यक्तिको गोपनीयताको सम्मान गर्नुपर्छ ।

६. कुनै पनि प्रकाशित समाचार गलत पाइयो भने सुधार गर्नुपर्छ ।

७. व्यावसायिक गोप्यताको पालन गर्नैपर्छ र गोप्य राख्ने विश्वास दिएर प्राप्त गरेका सूचनाको स्रोत खोल्नु हुँदैन ।

८. यी कुराहरूलाई गम्भीर व्यावसायिक अपराध ठान्नु पर्छ :

- अरूको विचार वा रचना/कृतिलाई आफ्नै जस्तो गरी प्रस्तुत गर्नु, भाव चोर्नु
- झूठा अभियोग, आरोप

- निन्दा, कलंक, दुर्नाम, बदख्वाईं
- मानहानी, अपमानजनक वक्तव्य तथा प्रमाणहीन आरोप
- घुस वा कुनै प्रकारको लाभ लिएर कुनै समाचार प्रकाशित गर्नु वा समाचार लुकाउनु / दबाउनु ।

९. पत्रकारिताको पेशालाई विज्ञापन व्यवसायी वा प्रचारकको पेशासँग मिसाउनु वा गोलमाल गर्नु हुँदैन तथा विज्ञापन गर्नेहरूको प्रत्यक्ष वा परोक्ष आदेशलाई इन्कार गर्नुपर्छ ।

१०. हरेक दबावको प्रतिकार गर्नुपर्छ र सम्पादनकार्यमा संलग्न जिम्मेवार व्यक्तिले दिएको सम्पादन संबंधी आदेशमात्र पालन गर्नुपर्छ ।

आफ्नो पेशामाथि गर्व गर्ने प्रत्येक पत्रकारले माथि उल्लिखित नियमहरू इमान्दारीपूर्वक पालन गर्नु आफ्नो कर्तव्य ठान्ने छन् । संबंधित देशको प्रचलित कानुन अन्तर्गत, पत्रकारले आफ्नो पेशागत विषयहरूमा मात्र आफ्ना सहधर्मीहरूको अधिकार क्षेत्रलाई स्वीकार गर्ने छ । उसले सरकार वा अरूको हरेक प्रकारको हस्तक्षेपलाई निषेध वा बहिष्कार गर्ने छ ।

## अधिकार

१. पत्रकारहरूले सूचनाका सबै स्रोतहरूसमक्ष पहुँच पाउनु पर्ने दाबी गर्छन् तथा सार्वजनिक जीवनलाई प्रभावित पार्ने सम्पूर्ण घटनाहरूबारे स्वतन्त्रतापूर्वक छानबीन गर्नु आफ्नो अधिकार ठान्छन् । यस कारण विशेष वा अपवादका घटनाहरू तथा स्पष्ट रूपमा इंगित वा उल्लेख गरिएको अवस्थामा मात्रै सार्वजनिक वा व्यक्तिगत गोप्यताको कुराले पत्रकारहरूलाई बाधा पार्नसक्छ ।

२. पत्रकारहरूलाई उसले काम गर्ने संचार संस्थाको प्रचलित नीतिसँग नमिल्ने, सेवाका शर्तहरू विपरीत तथा उक्त प्रचलित नीतिमा स्पष्ट रूपमा समावेश नगरिएका काम कुरा गर्न र त्यस्ता कामलाई सघाउन इन्कार गर्ने अधिकार छ ।

३. पत्रकारलाई उसको विश्वास वा विवेक विपरीत कुनै व्यावसायिक काम गर्न वा विचार व्यक्त गर्न वाध्य पार्न सकिने छैन ।

४. सम्पादन कार्यमा संलग्न कर्मचारीहरू (एडिटोरियल स्टाफ) लाई उनीहरूको व्यवसाय/जागिरलाई प्रभाव पर्ने सम्पूर्ण महत्वपूर्ण निर्णयहरूको जानकारी अनिवार्य रूपले

दिइनुपर्छ । पत्रकारहरूको नियुक्ति, निष्कासन, आन्तरिक परिवर्तन र पदोन्नतिजस्ता एडिटोरियल स्टाफको गठन वा बनौटसँग संबंधित सबै प्रकारका महत्वपूर्ण निर्णयहरू लिनुअघि उनीहरूसँग परामर्श लिइनुपर्छ ।

५. पत्रकारको काम र जिम्मेवारीको महत्वलाई ध्यानमा राखेर पत्रकारले सामूहिक सम्झौताको परिणामस्वरूप प्राप्त हुने लाभहरूमात्रै हैन नोकरीको व्यक्तिगत करारमा निश्चय गरिएको उसको कामको भौतिक तथा नैतिक सुरक्षा साथै उसको सामाजिक स्थिति सुहाउँदो र उसको आर्थिक स्वतन्त्रतालाई प्रत्याभूति गर्ने स्तरको तलब पाउनु उसको हक हो ।

## अमेरिकी परिपाटी

(अमेरिकी समाचारपत्र सम्पादक समाज (**ASNE**) द्वारा पारित दस्तावेज–१९७५ । सन् १९२३मा पहिलो पटक जारी गरिएको संहितालाई सन् १९७५ मा संशोधन गरिएको)

**प्रस्तावना** : अमेरिकी संविधानको पहिलो संशोधनले अभिव्यक्ति स्वतन्त्रतालाई कुनै पनि कानुनद्वारा नघटाइने संरक्षण प्रदान

गर्दै, प्रेसमार्फत उनीहरूको संवैधानिक हक प्रदान गरेको छ र यसरी समाचारपत्र व्यवसायीहरूमाथि खास जिम्मेवारी सुम्पेको छ ।

यसैले पत्रकारिताले यसका व्यवसायीहरूबाट औद्योगिक सीप र ज्ञानमात्र होइन, पत्रकारको एकमात्र दायित्वलाई सुहाउने गरी निष्ठाको उचित मापदण्ड पालन गर्न प्रयत्नशील रहन आग्रह गर्दछ ।

यस लक्ष्य प्राप्तिमा, अमेरिकी समाचारपत्र सम्पादक समाजले देहायका सिद्धान्तहरूको दस्तावेजलाई उच्च नैतिक एवं व्यावसायिक आचारणका मापदण्डको रूपमा प्रस्तुत गर्दछ ।

**धारा १ : उत्तरदायित्व –** समाचार तथा विचारहरूको सङ्कलन र वितरणको प्रारम्भिक उद्देश्य तत्कालीन समयका प्रश्नहरूबारे जनतालाई सूचित गराएर तथा उनीहरूलाई तिनमा निर्णय लिन सक्षम बनाएर सर्वसाधारणको हित गर्नु हो । आफ्नो व्यावसायिक भूमिकाको व्यक्तिगत स्वार्थ अथवा अवान्छनीय कामहरूमा दुरूपयोग गर्ने पुरूष तथा महिला पत्रकारहरूले जनताको विश्वास र आस्था गुमाउँछन् ।

अमेरिकी प्रेस केवल सुसूचित गराउन वा बहसका लागि मञ्च/ फोरम बन्न मात्र स्वतन्त्र बनाइएको होइन । यसको उद्देश्य

सरकारका सबै तहमा राज्यशक्तिको सञ्चालन लगायत समाजमा क्रियाशील शक्ति समूहहरूको स्वतन्त्र निगरानी/छानबिन (Scrutiny) गर्न समक्ष बनाउनु पनि हो ।

**धारा २ : प्रेसको स्वतन्त्रा –** प्रेसको स्वतन्त्रा जनताको लागि हो । सार्वजनिक (सरकारी) होस् वा निजी, कुनै पनि क्षेत्रबाट यसमाथि आक्रमण वा हस्तक्षेप भएमा यसको रक्षा गरिनुपर्छ । जनताका कामकाज सार्वजनिक रूपमा सञ्चालन गरिनुपर्छ भन्ने सुनिश्चित गराउन पत्रकारहरू निरन्तर चनाखो रहनुपर्छ । साथै उनीहरू प्रेसलाई स्वार्थी प्रयोजनका लागि शोषण गर्न खोज्ने सबैसँग सावधान रहनुपर्छ ।

**धारा ३ : आत्मनिर्भरता (Independence) –** पत्रकारहरूले अशोभनीय काम गर्नु हुँदैन । यसै गरी अशोभनीय देखिने तथा कुनै लाभबारे विवाद वा विवाद देखिने कुरालाई पनि पन्छाउनु पर्छ । पत्रकारले आफ्नो पेशागत निष्ठासित मोलतोल गर्ने वा त्यस्तो गरेको देखिने कुनै पनि कार्य तथा कुनै पनि कुरा स्वीकार गर्नु हुँदैन ।

**धारा ४ : सत्य र तथ्य (Truth and Accuracy) –**पाठकहरूसित असल विश्वासको सम्बन्ध असल पत्रकारिताको जग हो ।

समाचारको बिषयवस्तु तथ्यपूर्ण, पक्षपातरहित छ र चर्चित बिषयका सबै पक्षलाई उचित ढङ्गले प्रस्तुत गरिएको छ भन्ने सुनिश्चित गराउन हरेक प्रयास गरिनु पर्छ । सम्पादकीय, श्लेषणात्मक लेख एवं टिप्पणीहरू प्रस्तुत गर्दा समाचार विवरणमा दिएजस्तै उही तथ्यका मापदण्डलाई अनुसरण गरिएको हुनु पर्छ । तथ्यसम्बन्धी मुख्य गल्तीहरू, छूट भएका गल्तीहरूलाई प्रमुखता दिएर तत्परतासाथ सच्याइनुपर्छ ।

**धारा ५ : निष्पक्षता (Impartiality) –** निष्पक्ष हुनुको तात्पर्य प्रेसले प्रश्न गर्न वा सम्पादकीय अभिव्यक्ति गर्न नहुने भन्ने होइन । सर्वसम्मत प्रचलन अनुसार पाठकहरूका निमित्त समाचार विवरण तथा विचारबीच स्पष्ट सीमा रेखाङ्कन गरिनु उपयुक्त हुन्छ । विचार वा व्यक्तिगत विचारको व्याख्या गरिएका लेखहरूलाई स्पष्ट रूपमा पहिचान गरिनु पर्छ ।

**धारा ६ : उचित व्यवहार (Fair Play) –** पत्रकारहरूले समाचारमा चर्चित/उल्लिखित मानिसका अधिकारको सम्मान गर्नुपर्छ । यसैगरी, उनीहरूले शिष्टताका सामान्य मापदण्डहरूको पालना गर्नुपर्छ तथा आफ्नो समाचार विवरणको औचित्य एवं वास्तविकताबारे जनताप्रति जवाफदेही हुनु पर्छ ।

सार्वजनिक रूपमा अभियोग लागेका व्यक्तिहरूलाई प्रतिवाद गर्न सकेसम्म छिटो अवसर दिइनु पर्छ ।

साथै समाचारका स्रोतहरूको गोपनीयतालाई कायम राख्ने बाचालाई हरहालतमा सम्मान गरिनु पर्छ र सकेसम्म त्यस्तो स्रोत खुलाउनु हुँदैन । तर गोपनीयता राख्नु पर्ने स्पष्ट एवं अत्यावश्यक कारण छैन भने समाचार को स्रोतलाई खुलाउनु पर्छ ।

## उत्तरी अमेरिकी सम्पादक समाजको पेशागत आचारसंहिता

**स्वतन्त्रता** : जानीजानी सत्यको विपरीत टिप्पणीहरू गरेर सुनियोजित रूपमा पूर्वाग्रही हुनु भनेको अमेरिकी पत्रकारिताको मर्मको अपमान हो । समसामयिक घटनाको समाचार दिँदा यस्तो गर्नु समाचारको मौलिक सिद्धान्तमाथि ध्वंसात्मक आक्रमण हो ।

**स्वच्छता** : समाचारपत्रले आफै निर्णायक भएर कुनै पनि व्यक्तिलाई आफ्नो प्रतिरक्षा गर्ने वा सफाइको अवसर नदिई उसको प्रतिष्ठा वा सम्मानमाथि चोट पुऱ्याउनु हुँदैन । न्यायको सामान्य प्रक्रियाभन्दा बाहिर बसेर कुनै गम्भीर आरोप लगाउँदा यस्तो अवसर दिइनुपर्छ । कुनै काम सार्वजनिक हितमा छ भने निश्चित

नभएसम्म, केवल पाठकको जिज्ञासा शान्त पार्ने उद्देश्यले समाचारपत्रसँग कसैको निजी आवास वा क्षेत्रमा प्रवेश गर्ने वा कसैको व्यक्तिगत भावनाहरूमा हस्तक्षेप गर्ने अधिकार हुँदैन ।

**शिष्टता** : उच्च नैतिक उद्देश्यहरूप्रति प्रतिबद्ध हुँदाहुँदै पनि यदि समाचारपत्रले पाठकहरूलाई अपराध वा अनैतिक क्रियाकलापतिर लाग्न उक्साउने र जनसाधारणको हित नहुने खालका समाचार दिन्छ भने त्यस्तो समाचारपत्रलाई पाखण्डीको आरोप लाग्नु स्वाभाविक हो । यदि यी सुझावहरू पालन गर्न तिनीहरूसँग आवश्यक शक्ति/अधिकार छैन भने यस्ता नीच भावनाहरूको दासत्वलाई यसको निन्दा गर्ने बहुसंख्यक पत्रकारहरूले व्यापक रूपमा विरोध गर्छन् तथा यसविरुद्ध दबाव सिर्जना गर्ने छन् भन्ने यहाँ प्रतिनिधित्व गर्ने पत्रकारहरूले अपेक्षा गर्छन् ।

## व्यावसायिक पत्रकारहरूको समाज (Sigma Delta Chi) आचार संहिता

ब्यावसायिक पत्रकारहरूको समाज (सोसाईटी अफ प्रोफेसनल जर्नालिष्टस्), सिग्मा डेल्टा ची पत्रकारहरूको कर्तब्य सत्यको सेवा गर्नु हो भन्नेमा विश्वास गर्दछ ।

हामी आमसंचारका निकायहरू सार्वजनिक बहस र सूचनाका संवाहक हुन् भन्नेमा विश्वास गदछौं, जसले संविधानका प्रावधान अन्तरगत रही तथ्य बुझ्ने र त्यसको जानकारी दिने स्वतन्त्रताको उपभोग गर्दछन् । हामी न्यायको अग्रदूतको रूपमा सार्वजनिक प्रबोधन र जनताको सत्य कुरा थाहा पाउने अधिकारको अंगको रूपमा सत्य फैलाउने हाम्रो संवैधानिक भूमिकामा विश्वास गर्दछौं ।

हामी ती जिम्मेवारीहरू पूरा गर्दा पत्रकारहरूले आफ्ना ज्ञान, विषयनिष्ठता, सत्य र निष्पक्षताका आधारमा आफ्नो दायित्व पूरा गर्नुपर्नेमा विश्वास गर्दछौं ।

यी उद्देश्यका लागि हामी निर्धारित मानदण्ड स्वीकार गर्ने घोषणा यसरी गर्दछौं ।

**जिम्मेवारी** : सार्वजनिक महत्त्व र हितका घटनाहरूबारे सुसूचित हुने जनताको अधिकार आमसंचार माध्यमको प्रमुख लक्ष्य हो । समाचार तथा प्रबुद्ध विचार प्रचार-प्रसार गर्नुको उद्देश्य सार्वजनिक भलाइका निम्ति हो । पत्रकारहरूले जनताको प्रतिनिधिको हैसियतले निजी स्वार्थ र निरर्थक उद्देश्यका लागि आफ्ना व्यावसायिक प्रतिष्ठाको उपयोग गर्नु हुँदैन । यसो गर्दा

पत्रकारको उच्च विश्वसनीयताको उल्लंघन हुन्छ ।

**प्रेस स्वतन्त्रता** : प्रेस स्वतन्त्रतालाई स्वतन्त्र समाजमा जनताको अभिन्न अधिकारका रूपमा रक्षा गरिनुपर्छ । सरकार तथा सार्वजनिक र निजी संस्थाहरूबारे छलफल गर्ने, त्यसका गतिविधिका सम्बन्धमा प्रश्न गर्ने तथा तिनका कार्य र अभिब्यक्तिहरूका सम्बन्धमा चुनौति दिने प्रेसको स्वतन्त्रता र उतरदायित्व यस अन्तरर्गत पर्छ । पत्रकारहरूले अप्रिय विचार व्यक्त गर्ने अधिकारका साथै बहुमतको विचारसँग असहमत हुने विशेष सुविधा उपयोग गर्छन् ।

**आचार संहिता** : सत्य कुरा थाहा पाउने जनताको अधिकार बाहेक अन्य कुनै स्वार्थ र बन्धनबाट पत्रकारहरू मुक्त हुनुपर्छ ।

१ उपहार, अनुग्रह, निःशुल्क यात्रा, विशेष व्यवहार वा सुविधाहरूले पत्रकारहरू र तिनका रोजगारदाताको इमान्दारीलाई जोखिममा पार्नसक्छ । मूल्यवान् कुनै उपहार स्वीकार गर्नु हुंदैन ।

२ पत्रकारले कसैले दिएको अप्रत्यक्ष काम, जागिर वा

रोजगारी, राजनीतिक संलग्नता, सामुदायिक संगठनहरू, सरकारी कार्यालयमा कुनै पद लिँदा पत्रकार वा पत्रकारलाई काममा लगाउने संस्थाको इमान्दारीमा प्रश्न उठने स्थिति भएमा त्यस्तो पद लिने वा त्यसबाट लाभ लिने काम गर्नु हुँदैन । पत्रकारहरू र तिनका रोजगारदाताका आफना निजी जीवनका आचरण र व्यवहार यस्तो हुनुपर्छ जसले उनीहरूलाई वास्तविक वा संभावित स्वार्थको द्वन्द्व वा विवादबाट मुक्त राखोस् । उनीहरूको सर्वोपरि जवाफदेही जनताप्रति हुन्छ र यो नै पत्रकारको व्यवसायको गुण हो ।

३ निजी सूत्रबाट प्रात हुने तथाकथित समाचारको पर्याप्त प्रमाण र समाचारीय मूल्य छैन भने त्यस्तो समाचार प्रकाशन वा प्रसारण गर्नु हुँदैन ।

४ पत्रकारहरूले विभिन्न बाधा अवरोध हुँदाहुदै पनि सार्वजनिक हित हुने उद्देश्यका समाचार खोज्नुपर्छ । सार्वजनिक कार्य खुला रूपमै गर्न र आधिकारिक अभिलेख सार्वजनिक निरीक्षणका लागि खुला राखिनु पर्ने कुरामा पत्रकारहरूले निरन्तर प्रयास गर्नुपर्छ ।

५ गोप्य सूत्रको संरक्षण गर्ने समाचारदाताको आचार-संहिता पत्रकारहरूले स्वीकार गर्नुपर्छ ।

**यथार्थ र विषयनिष्ठता**: सबै स्वच्छ पत्रकारिताको आधारशिला जनाताप्रतिको इमान्दारी हो ।

१ सत्य हाम्रो अन्तिम लक्ष्य हो ।

२ समाचार संकलन गर्दा बिषयनिष्ठता अर्को उद्देश्य हो र त्यसैले कुशल व्यवसायीहरूको दक्षता निर्धारिण गर्दछ । यो हाम्रो कार्यको त्यस्तो मानदण्ड हो जसका लागि हामी क्रियाशील छौं । यो लक्ष्य प्राप्त गर्नेहरूको हामी कदर गर्दछौं ।

३ अयथार्थ वा आवश्यक विवरणको अभाव क्षम्य हुनसक्दैन ।

४ समाचरपत्रका शीर्षकहरू त्यसमा प्रकाशित सामग्रीहरूका बिषय-बस्तुसँग पूर्णरूपेण सम्बन्धित हुनुपर्छ । फोटोग्राफर र टेलिकाष्टहरूले कुनै पनि घटनाको यथार्थ चित्र प्रस्तुत गर्नुपर्छ र असान्दर्भिक एवं सामान्य घटनालाई बढाई चढाई प्रस्तुत गर्नु हुदैन ।

५ स्वच्छ समाचार प्रस्तुतिले समाचार विवरण र विचार अभिव्यक्ति बीचको भिन्नतालाई प्रष्ट पार्छ । समाचार कुनै विचार

वा पूर्वाग्रहबाट मुक्त हुनुपर्छ र त्यसमा घटनासँग सम्बन्धित सबै पक्षको भनाइ वा विचारको प्रतिनिधित्व हुनु जरुरी हुन्छ ।

६ सत्यबाट जानाजानी पन्छिएर सम्पादकीय टिप्पणीमा व्यक्त गरिने पक्षपातपूर्ण दृष्टिकोणले अमेरिकी पत्रकारिताको उद्देश्य उल्लंघन गरिएको ठहर्छ ।

७ पत्रकारहरूले सार्वजनिक घटना र प्रश्नहरूमा जानकरी, बिश्लेषण, टिप्पणी र सम्पादकीय विचार उपलब्ध गराउने आफ्नो उत्तरदायित्व बुझ्छन् । उनीहरूले व्यक्तिगत रूपमा उपलब्ध गराइएका सामग्री जसमा उनीहरूको क्षमता, अनुभव र मूल्यांकन प्रस्तुत गरिएका हुन्छन्, उचित लागेमा त्यसलाई प्रस्तुत गर्ने दायित्व स्वीकार गर्दछन् ।

विशेष लेखहरू वा कुनै पक्षको वकालत गर्ने गरी गरिएको प्रस्तुति वा लेखकको आफ्नै निष्कर्ष र वा व्याख्या हो भने त्यो कुरा स्पष्ट पारेर प्रस्तुत गरिनुपर्छ ।

**स्वच्छता** : पत्रकारहरूले समाचार संकलन र प्रस्तुत गर्ने क्रममा हमेसा सम्बद्ध व्यक्तिहरूको प्रतिष्ठा, गोपनीयता, अधिकार र हितप्रति सम्मान प्रदर्शित गर्नुपर्छ ।

१ समाचार माध्यमले अभियुक्तलाई जवाफ दिने अवसर उपलब्ध नगराई उसको प्रतिष्ठा वा नैतिक चरित्रमा प्रतिकूल असर पर्ने खालका अनौपचारिक आरोप फैलाउनु हुँदैन ।

२ समाचार माध्यमले कुनै पनि व्यक्तिको गोपनीयताको अधिकार हनन गर्नु हुँदैन । उसको यो अधिकार सुरक्षित गर्नु संचार माध्यमको कर्तव्य हो ।

३ संचार माध्यमले दुराचार र अपराधका विस्तृत विवरण दिने निहुँमा अश्लील, विकृतिका कुरामा लाग्नु हुँदैन ।

४ आफ्ना गल्तीहरूको तत्काल र इमान्दारीसाथ भूलसुधार गर्नु समाचारपत्रको कर्तव्य हो ।

५ पत्रकारहरू आफ्ना समाचारका लागि जनताप्रति उत्तरदायी हुनुपर्छ, जनतालाई संचार माध्यमप्रति उनीहरूका गुनासो पोख्न प्रोत्साहित गरिनुपर्छ । पाठक, दर्शकहरू तथा श्रोताहरूसँग खुला वार्तालापलाई अगाडि बढाउनुपर्छ ।

**प्रण** : पत्रकारहरूद्वारा यी मानदण्ड उलंघन हुन नदिन निरन्तर प्रयत्नशील रहनुपर्छ र यस कार्यमा सुपरिवेक्षण गर्न सबै

पत्रकारहरूलाई प्रोत्साहित गरिनुपर्छ । अमेरिकी पत्रकारहरू तथा अमेरिकी जनताबीच पारस्परिक विश्वास र सम्मानको सम्बन्धलाई सुरक्षा प्रदान गर्न यो आचार संहिताको पालना वांछनीय छ ।

## फ्रान्सको अभ्यास

विचार र आस्थाको निर्बाध आदान-प्रदान गर्नु सर्वाधिक वाञ्छित मानव अधिकारहरूमध्ये एक हो । यसको अर्थ यस स्वतन्त्रताको दुरूपयोग भइरहेको छ भनी कानूनले भनेकोमा बाहेक हरेक व्यक्तिले निजले चाहेको कुरा भन्न र कुनै पनि कुरा लेख्न वा प्रकाशित गर्नसक्छ (मानिस र नागरिकका अधिकारहरूको अगस्ट २६, १७८९ को घोषणाको धारा ११)

हरेक व्यक्तिलाई आफूलाई स्वतन्त्रतापूर्वक अभिव्यक्त गर्ने अधिकार हुनेछ । यसअन्तर्गत कुनै विचार राख्ने र अधिकारीहरूबाट बिनाकुनै हस्तक्षेप र राष्ट्रिय सीमानाको बारबन्देजबिना समाचार वा विचार प्राप्त गर्ने वा प्रेषित गर्ने अधिकारसमेत समाहित छ (मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धिको धारा १०)

## व्यावसायिक नियम र अभ्यासहरू

समाचारपत्रले आफ्ना पाठकहरूसँग गहिरो सम्पर्क राख्छ र तिनीहरूप्रति आफ्ना उत्तरदायित्वहरूबारे सचेत रहन्छ । घटनाहरूका सम्बन्धमा समाचार दिँदा तथ्यलाई टिप्पणी वा विचारसँग मिसाइनु हुन्न भन्नेबारे यसले विशेष ध्यान पुऱ्याउँछ ।

१ **विवरणबारे गम्भीरता र ध्यान** : केवल प्रमाणित र तथ्यपरक विवरणहरू प्रकाशित गर्नुपर्छ । कुनै पनि समाचारपत्रको विश्वसनीयता प्रमाणित र सत्यतथ्य समाचार छाप्ने क्षमतामा निर्भर हुन्छ । सत्यतथ्य हो कि होइन भनी परीक्षण गरिएको समाचार प्रकाशित गर्नु अखबारको गम्भीरता, सूक्ष्म दृष्टि र विश्वसनीयताको चिह्न हो । हल्लालाई प्रोत्साहित गर्नु हुँदैन । सञ्चारका अन्य माध्यमले प्रसारित गरिसकेको भए पनि समाचारपत्रले हल्लाको प्रसारलाई हतोत्साहित गर्नका लागि आफूले गर्नसक्ने हरेक प्रयास गर्नुपर्छ ।

२ **व्यक्तिप्रति सम्मान** : समाचारपत्रले भेदभाव, जातिवाद वा हिंसा भड्काउने काम नगरी सुसूचित गर्नुपर्छ । व्यक्ति वा व्यक्तिहरूका विरूद्ध उनीहरूको जन्म/वंश वा कुनै खास समूह,

राष्ट्र, जाति वा धर्मसँग उनीहरूको सम्बद्धता वा असम्बद्धताका आधारमा गरिने भेदभाव, घृणा वा हिंसाको उक्साहटलाई निषेधित गर्ने कानूनलाई कठोरताका साथ पालन गर्नुपर्छ । शंका, शत्रुता वा घृणाका आधारमा पाठकको मनमा विभाजन वा अलगावको भावना जगाउने कामलाई भेदभाव/पक्षपात भनी परिभाषित गरिएको छ । घृणाको अर्थ कुनै जाति वा राष्ट्रको सदस्य भएको वा नभएको कारणले कसैप्रति शत्रुताको भाव जगाई निजलाई हानी पुऱ्याउने इच्छामा रूपान्तरित गर्नु हो । हिंसाअन्तर्गत मनोवैज्ञानिक र शारीरिक दुइटै प्रकारको हिंसा पर्छ । प्रस्ट देखिने यी दुरुत्साहनहरूबाहेक अखबारहरू यस्तो भावनाहरूलाई जगाउने वा यस्ता भावना जगाउने खतरा हुने खालका सबै सामग्री, भनाइ, विचार वा आरोपहरूबाट अलग्गै रहनुपर्छ ।

३ **मानहानी/निन्दाबाट अलग्गै रहनु** : समाचारपत्र व्यक्तिको इज्जत र प्रतिष्ठाको सम्मान गर्नु पर्ने कुरामा सुनिश्चित हुनुपर्छ ।

- **उचित उद्देश्य** : जनताको सुसूचित हुने हकका आधारमा समाचारपत्रले तथ्यहरू प्रस्तुत गर्दा हमेसा सामान्य पाठकलाई ध्यानमा राख्नुपर्छ । घटनामा संलग्न रहेका मानिसहरूलाई भन्दा घटनालाई महत्व दिनुपर्छ ।

- **व्यक्तिगत द्वेषरहित** : व्यक्तिगत मतभेदबाट प्रेरित भएर कुनै व्यक्तिको बारेमा लेखिएका विवादास्पद लेख समाचारपत्रले छाप्नु हुँदैन ।
- **संयमित भाषा** : समाचारपत्रले लेख रचनाहरूमा मानिसहरूलाई स्तब्ध तुल्याउने वा चोट पुऱ्याउने भाषा प्रयोग गर्नु हुँदैन ।
- **विश्वासिलो अनुसन्धान** : समाचार खोज्ने काम घटनाका सबै पक्षको कुरा सुन्नुपर्ने मान्यतामा आधारित हुन्छ । कुनै पनि अनुसन्धान इमान्दारीसाथ गरिएको छ कि छैन भन्ने कसी यही हो ।

४ **सबै किसिमको दृष्टिकोणप्रति खुला रहनु** : कुनै घटनाका मुख्य पक्षहरूलाई निष्पक्ष रूपमा उनीहरूको विचार जान्न र समाचार प्रस्तुत गर्न सम्पर्क गरिन्छ । कुनै पक्षले सहयोग गर्न इन्कार गरेको छ भने समाचारपत्रले पाठकलाई सो कुराको जानकारी गराउनुपर्छ ।

५ **अनुमानित निर्दोषिताको सम्मान** : फ्रान्सेली संविधानले स्वीकार गरेको धारा ९ अन्तर्गत गरिएको मानिस र नागरिकका

आधिकारहरूको २६ अगस्ट, १७८९ को घोषणाअनुसार अदालतबाट दोषी नठहरिएसम्म हरेक व्यक्तिलाई निर्दोष मान्नुपर्छ । यदि सार्वजनिक हितको लागि त्यस्तो व्यक्तिबारे सूचना प्रकाशित गर्नु आवश्यक छ भन्ने आधारमा कुनै कुरा प्रकाशित गर्नु पर्‍यो भने पनि उसको अनुमानित निर्दोषितालाई सम्मान गर्नु पर्छ । यसको मतलब पाठकसमक्ष कस्ता विवरणहरू पुर्‍याउने र तिनीहरूलाई कसरी प्रस्तुत गर्ने भन्ने तरिकाबारे निक्कै ध्यान पुर्‍याउनु पर्छ ।

६ **समाचारको यथार्थता र यसको प्रस्तुतिमा सतर्कता एवं निष्पक्षता सुनिश्चित गर्नु**ः माथि वर्णन गरिएका यथार्थता, सतर्कता, निष्पक्षता र विवरणप्रति सावधानीका नियमहरू, विशेष गरेर मानवीय चासोका समाचारहरूको हकमा लागू हुन्छन् ।

## बेलायती परिपाटी

### (बेलायतको पत्रकारहरूको राष्ट्रिय संगठनको आचारसंहिताबाट)

**कार्य अभ्यासहरूको धारा ५** : कुनै पनि सदस्यले अर्को पत्रकारको रचना कृति चोरेर वा अनधिकृत रूपमा उपयोग गरेर उसको परिश्रमको शोषण गर्नेछैन ।

**कार्य अभ्यासहरूको धारा १२** : एउटा सदस्यले अन्य पत्रकारहरूलाई सम्मानपूर्ण व्यवहार गर्नेछ ।

**आचार संहिताको धारा ५** : पत्रकारले सूचना, फोटो र चित्रहरू प्राप्त गर्न केवल स्पष्ट र वैध उपाय अपनाउने छ । सार्वजनिक हितको लागि अति आवश्यक भएको अवस्थामा मात्र अन्य तरिकाको प्रयोगलाई उचित ठहऱ्याउन सकिनेछ । यस्ता तरिकाहरूको प्रयोग गर्नेबारे पत्रकारले आफ्नो स्वविवेकका आधारमा विरोध गर्न सक्नेछन् ।

**आचार संहिताको धारा ६** : सार्वजनिक हितको सर्वोच्च उद्देश्य प्राप्त गर्ने भनी औचित्य साबित गर्न सकिने स्थितिमा बाहेक पत्रकारले कसैको निजी शोक र दुःखमा हस्तक्षेप गर्ने कुनै पनि काम गर्ने छैन ।

## जापानी व्यवस्था
## (निहोन सिम्बुन क्योकीका पत्रकारहरूको बडापत्रबाट)

**धारा १**: तथ्यहरू जस्ताको तस्तै र इमान्दारीसाथ प्रस्तुत गर्नु समाचारसम्बन्धी सर्वाधिक महत्वपूर्ण नियम हो ।

**धारा २ :** तथ्यहरूको समाचार दिँदा पत्रकारहरूले कहिले पनि आफ्ना व्यक्तिगत विचारहरूलाई मिसाउनु हुँदैन ।

**धारा ३ :** कुनै समाचार तयार गर्दा पत्रकारहरूले सो समाचारलाई प्रचारबाजीको काममा पनि लगाइनसक्छ भन्ने कुरा कहिले पनि बिर्सनु हुँदैन । पत्रकारहरू यो कुरामा विशेष गरी सतर्क हुनुपर्छ ।

**धारा ४ :** आलोचना गर्दा पत्रकारहरूले व्यक्तिगत टीकाटिप्पणी गर्नबाट जोगिनुपर्छ ।

**धारा ५ :** जानीजानी गरिने सत्यलाई बंग्याउने पूर्वाग्रही टिप्पणीले पत्रकारको पेशालाई हानी पुऱ्याउँछ ।

## ३.४ अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र गोपनीयताको अधिकार

वि.स. १९५८ वैशाख ११ गते "गोरखापत्र" प्रकाशनको सम्बन्धमा जारी भएको सनदमा "श्री ५/३ सरकारका दरबारभित्र स्वास्नी मानिसको विषय" मा नछाप्नु भन्ने आदेश दिइएको थियो भने "नागरिक अधिकार ऐन २०१२" को दफा १० मा "नागरिकको

वासस्थानको रक्षा" बारेमा "गाली बेइज्जेती ऐन, २०१६" को दफा ३ मा तथा "केही सार्वजनिक अपराध र सजायँ, ऐन २०२०" को दफा २ (ञ) मा व्यक्तिगत गोपनीयतालाई सुरक्षित गर्ने कुराहरू परेका छन् ।

नेपाल अधिराज्यको संविधानले व्यक्तिको गोपनीयताको हकलाई पनि स्पष्ट रूपमा उल्लेख गरेको छ । यो हक अमेरिका र भारतको संविधानमा समेत उल्लेख गरिएको देखिँदैन । तर अधिकांश प्रजातान्त्रिक मुलुकहरूमा व्यक्तिको गोपनीयताको संरक्षण गर्ने स्पष्ट कानुनहरू र अदालतका फैसलाहरू नजिरको रूपमा कायम छन् । प्रेस स्वतन्त्रताको अभ्यास गर्ने मेसोमा गोपनीयताको हक र सूचना पाउने स्वतन्त्रताको हकबीच बारंबार टक्कर हुने गरेको देखिन्छ ।

विश्वमा प्रचलित पत्रकारिताको मान्यताअनुसार सार्वजनिक हितको लागि गोपनीयताको हकलाई अतिक्रमण गर्न सकिन्छ । तर उक्त काम सार्वजनिक हितमा (पब्लिक इन्ट्रेस्ट) ले गरिएको हो भन्ने कुरा साबित हुनुपर्छ । सार्वजनिक हित र जनताले पढन रूचाउने विषय बेग्लाबेग्लै कुरा हुन् ।

कुनै पनि व्यक्तिको घरभित्रको कुरा वा निजी काम कुरा, धर्म, स्वास्थ्य, यौन आचरण, व्यक्तिगत जीवन, आर्थिक कारोवारहरू व्यक्तिगत गोपनीयताको क्षेत्रभित्र पर्छन् । तर सार्वजनिक पद वा सरोकारका व्यक्ति जस्तै मन्त्री, नेता, सरकारी कर्मचारी, सार्वजनिक संस्थाका पदाधिकारी, पत्रकार, शिक्षक, खेलाडी, कलाकार तथा जनताले आदर्श मानेर जसको सिको गर्न खोज्छन् त्यस्ता व्यक्तिहरूको जीवन र व्यवहारले सर्वसाधारणको जीवनमा प्रभाव पार्नसक्ने हुनाले उनीहरूको बोली, आचारण, व्यवहार, काम कारवाही, दैनिक क्रियाकलाप, खानपान, साथीसंगाती आदि कुराहरू मिडियामा आउनसक्छ ।

सार्वजनिक पद वा गरिमामा बसेको व्यक्तिको मानसिक अवस्था, स्वास्थ्य, चरित्र र व्यवहार अरूका लागि उदाहरण वा आदर्श बन्नसक्ने हुनाले उनीहरूको पद र हैसियतको प्रतिकूल आचरणका कुराहरू जस्तै मदिरा सेवन, घुसखोरी, अनुचित ढंगले कमाइएको सम्पत्ति आदि, सार्वजनिक हुनु सार्वजनिक हितमा हुन्छ ।

सूचनाको हक र व्यक्तिगत गोपनीयताको हकको सन्दर्भमा गठित बेलायतको क्यालकट कमिटीका अनुसार अभिव्यक्ति स्वतन्त्रता, वाक स्वतन्त्रता र सुसूचित हुने हक प्रजातन्त्रको लागि अपरिहार्य

तत्वहरू हुन् भने व्यक्तिगत गोपनीयता भन्ने कुरा देश समाज, संस्कृति, परम्परा सापेक्ष हुन्छ । व्यक्तिगत गोपनीयतालाई अलग्गै राखेर हेर्न मिल्दैन । यसलाई वाक् स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतासँग सँगै राखेर नाप्नुपर्छ । कमिटीको विचारमा व्यक्तिको गोपनीयताको रक्षा गर्ने केही अपवादहरू आवश्यक हुन सक्छन् तर अभिव्यक्ति स्वतन्त्रता सर्वोपरि एवं महत्वपूर्ण हुन्छ ।

# ४ परिशिष्ट

## ४.१ जनताको संचार अधिकार बडापत्र

**यो बडापत्रमा हस्ताक्षर गर्ने हामी सबै यो स्वीकार गर्छौं कि :**

सबै मानिस र मानव समुदायको लागि संचार नभइनहुने कुरा हो । संचारमा भाग लिने, समाजभित्र र समाजहरूबीच कस्तो र के संचार गर्ने भन्ने निर्णय गर्ने अधिकार सबैसँग छ । तर, विश्वका बहुसंख्यक मानिसहरू बाँच्न र संचार गर्नका लागि नभइ नहुने न्यूनतम प्राविधिक स्रोतसाधनबाट बंचित छन् । संसारका आधाभन्दा धेरै मानिसले जीवनमा कहिल्यै टेलिफोनको उपयोग गरेका छैनन् । आमसंचार माध्यमहरू (मिडिया) को व्यापारीकरण भयो र मिडियाको स्वामित्व थोरै मानिस वा संस्थाको हातमा सीमित भयो भने मिडियाले जनहितको पक्षमा काम गर्नसक्तैन । यसले गर्दा प्रजातन्त्रका लागि चाहिने विचारको बहुलता, सांस्कृतिक अभिव्यक्तिको विविधता र भाषिक विविधतालगायत जनताका सांस्कृतिक तथा सूचना र ज्ञानका आवश्यकताहरू मिडियाले पूरा गर्न गराउनसक्तैन । मिडियामा ठूलो

मात्रामा तथा व्यापक रूपमा बाहिरी स्वार्थको अतिक्रमण भयो भने समाजमा गुटबन्दी/ध्रुवीकरण हुन्छ, द्वन्द्वलाई झन चर्काउँछ र मानिसमा डर र अविश्वास हुर्काउँछ जसले गर्दा मानिसहरू झन खतरामा पर्छन् र परनिर्भरता बढ्छ । महिला, दलित, जनजाति, वृद्धवृद्धाजस्ता व्यक्तिहरूलाई मिडियाले पूर्वाग्रही वा परम्परागत रूपमा प्रस्तुत गर्दा उनीहरूको बारेमा भ्रम वा गलत कुरा फैलिन्छ र अरूमा गलत प्रभाव पर्छ, जसले गर्दा पहिले देखिनै अति हेपिएका वा खतरामा परेकाहरूमाथि दोष/आरोप लाग्ने सम्भावना झन बढ्छ । यस कारण प्रजातान्त्रिक मुलुकहरूमा र अन्तर्राष्ट्रिय कानुनमा संचार अधिकार र दायित्वलाई पालन गराउनका लागि हामी यो बडापत्रलाई वैधानिक मान्यता प्रदान गर्छौं ।

**धारा १ : सम्मान**

आत्मसम्मान, इज्जत, पहिचान/परिचय तथा अभेदभाव मानवअधिकारका आधारभूत मापदण्ड हुन र यो मापदण्डअनुसारको व्यवहार पाउनु सबैको अधिकार हो ।

**धारा २ : स्वतन्त्रता**

सरकारी वा व्यापारिक नियन्त्रण नभएको आमसंचार माध्यमहरूमा पहुँच पाउनु सबैको अधिकार हो ।

## धारा ३ : पहुँच

आफ्ना अधिकारहरू उपभोग गर्नका लागि स्थानीय र अन्तर्राष्ट्रिय स्रोतसाधनहरू तथा परम्परागत एवं विकसित संचार माध्यमहरूमा सबैको न्यायपूर्ण र समतायुक्त पहुँच हुनुपर्छ । सामान्यतया आफूले बोल्ने र बुझ्ने भाषामा विचार, सूचना र ज्ञान प्राप्त गर्न पाउनुपर्छ । विभिन्न प्रकारका स्वाद र रूचिअनुसार तयार पारिएका सांस्कृतिक कृति एवं सामग्रीहरू उपभोग गर्न पाउनुपर्छ । साथै मिडियाको स्वामित्व र समाचारका स्रोतहरूबारे जानकारी सजिलैसँग पाउनु हुनुपर्छ । उचित तथा अपरिहार्य कारणको आधारमा मात्र सूचनामा पहुँचमाथि रोक लगाउनसकिने हुनुपर्छ, साथै त्यस्तो रोक केवल अन्तर्राष्ट्रिय मानवअधिकारको मापदण्डअनुसार वा प्रजातान्त्रिक समाजको रक्षा गर्न वा कसैको आधारभूत अधिकारको रक्षा गर्नको लागि लगाउनसकिने हुनुपर्छ ।

## धारा ४ : आत्मनिर्भरता

जनता सहभागी हुने, जनताले योगदान दिने र जनताले नै फाइदा पाउने आत्मनिर्भर संचार संरचना तयार पार्ने जनताको अधिकारलाई कार्यान्वयन गर्नका लागि आत्मनिर्भर मिडियाको विकास गर्न अन्तर्राष्ट्रिय सहयोग; व्यावसायिक मिडिया कर्मीहरूलाई तालिम; आत्मनिर्भर, प्रतिनिधिमूलक संस्थाहरू, पत्रकार, सम्पादक

र प्रकाशकहरूको व्यावसायिक संगठनहरूको स्थापना; तथा अन्तर्राष्ट्रिय मापदण्डहरू पालन गर्नु आवश्यक हुन्छ ।

**धारा ५ : साक्षरता**

सार्वजनिक छलफल बहस तथा संचारमा पूर्ण रूपले सहभागी हुनका लागि चाहिने सूचना र सीप हासिल गर्ने अधिकार सबैसँग छ । यसको लागि पढ्ने, लेख्ने र समाचार सुन्ने सुविधाहरू; मिडियालाई आलोचनात्मक तरिकाले ग्रहण गर्ने चेतना; कम्प्युटर साक्षरता; तथा समाजमा संचारको भूमिकाबारे शिक्षाको आवश्यकता हुन्छ ।

**धारा ६ : पत्रकारहरूको संरक्षण**

पत्रकारहरूले, खास गरी सशस्त्र संघर्ष भइरहेको क्षेत्रमा, अन्तर्राष्ट्रिय मानवीय कानुनलगायत पूर्ण रूपमा कानुनी संरक्षण पाउने विशेष व्यवस्था हुनुपर्छ । सूचनाका स्रोतहरूसमक्ष उनीहरूले सुरक्षित तथा निर्वाध पहुँच पाउनुपर्छ, तथा आवश्यक परेको बेलामा अन्तर्राष्ट्रिय निकायमार्फत कानुनी उपचार पाउने व्यवस्था हुनुपर्छ ।

**धारा ७ : स्पष्टीकरण दिने र क्षतिपूर्ति पाउने अधिकार**

मिडियाले दिएको गलत सूचनाको स्पष्टीकरण दिने र गलत

सूचनाको कारणले हुने हानी नोक्सानीबापत हर्जाना माग गर्ने अधिकार सबैलाई छ । कुनै समाचारले कसैलाई अन्याय परेको उचित आधार भएमा सम्बन्धित व्यक्तिले सो समाचार तुरुन्तै सुधार्न लगाउने अवसर पाउनुपर्छ । यस्ता भूल सुधारहरूलाई मूल समाचार वा लेखलाई जत्तिकै महत्व दिइनुपर्छ । कुनै सूचना उपलब्ध गराउनेले जानाजानी/ नियतवश असत्य वा भ्रामक तथा हानी पुऱ्याउने सूचना दिएको वा त्यस्तो सूचना फैलाउने काममा सघाएको भनी न्यायालयले फैसला गरेमा सरकारले त्यस्तो प्रमाणित हानीनोक्सानीको क्षतिपूर्ति दिलाउन दण्डसजाय लागू गर्नुपर्छ र भूल सुधार्न लगाउनुपर्छ ।

### धारा ८ : सांस्कृतिक पहिचान

आफ्नो सांस्कृतिक पहिचानलाई जोगाउने अधिकार सबैलाई छ । यो अधिकारभित्र मानिसहरूले आफ्नो सांस्कृतिक विकासको लागि गर्ने प्रयासलाई सम्मान गर्ने र उनीहरूले बुझ्ने भाषामा स्वतन्त्र रूपमा अभिव्यक्त गर्न पाउने अधिकार पर्छ । मानिसहरूको सांस्कृतिक परम्परा/स्थल र सम्पदा जोगाउने अधिकारले अरू मानवअधिकारहरू वा यो बडापत्रका प्रवधानहरूलाई अतिक्रमण गर्नु हुँदैन ।

## धारा ९ : भाषाको विविधता

सबैसँग भाषाको विविधताको अधिकार हुन्छ । आफ्नै भाषामा आफ्नो कुरा अभिव्यक्त गर्न पाउने र सूचना पाउने अधिकार, सरकारी सहयोगबाट चल्ने शैक्षिक संस्थाहरूमा आफ्नै भाषाको उपयोग गर्न पाउने अधिकार, र आवश्यकताअनुसार अल्पसंख्यकहरूको भाषा उपयोग गर्ने पर्याप्त व्यवस्था गर्न पाउने अधिकार यसभित्र पर्छ ।

## धार १० : नीति निर्माणमा सहभागिता

सूचनाको व्यवस्थापन गर्ने; ज्ञानको विकास र उपयोग गर्ने; संस्कृतिको संरक्षण, सुरक्षा र विकास गर्ने; संचार प्रविधिहरू रोज्ने र लागू गर्ने; तथा मिडिया उद्योगको संरचना र नीति बनाउने बारेमा सार्वजनिक निर्णयमा सहभागी हुने अधिकार सबैसँग छ ।

## धारा ११ : बालबालिकाको अधिकार

बालबालिकाहरूसँग उनीहरूको आवश्यकता र रूचि पूरा गर्ने र उनीहरूको स्वस्थ शारीरिक, मानसिक र भावनात्मक विकास गर्ने उद्देश्यले तयार परिएका आमसंचार माध्यमहरू उपयोग गर्न पाउने अधिकार छ । घरमा, विद्यालयमा र खेल्ने, काम गर्ने थलो वा व्यापारिक स्थानहरूमा हानीकारक संचार सामग्रीबाट तथा

व्यापारिक र अरू खालका शोषण गर्ने संचार सामग्रीहरूबाट बालबालिकालाई जोगाउनुपर्छ । बालबालिकाहरूका लागि उनीहरूकै भाषामा उच्च गुणस्तरका सांस्कृतिक र मनोरंजनात्मक सामग्रीहरू व्यापक मात्रामा उत्पादन र विवतरण गर्न राष्ट्रले कदम चाल्नुपर्छ ।

## धाराः १२ : सूचना प्रविधि/साइबरस्पेस

साइबरस्पेस (इलेक्ट्रोनिक वा कम्प्युटर अर्थात् डिजिटल प्रविधिमा आधारित सूचनाहरू ओसारपसार र भण्डार गर्ने साधन) को समान उपयोग गर्नका लागि विश्वव्यापी पहुँच पाउने सबैलाई अधिकार छ । साइबरस्पेसमा राखिएका निःशुल्क तथा खुला सामग्रीहरूमा उनीहरूको अधिकार, इलेक्ट्रोनिक माध्यमहरूमार्फत उनीहरूको अभिव्यक्ति गर्ने स्वतन्त्रता, तथा उनीहरूमाथि इलेक्ट्रोनिक उपकरणहरूबाट गरिने जासुसी/निगरानी र हस्तक्षेपबाट जोगिने उनीहरूको स्वतन्त्रतालाई सुरक्षित गरिनुपर्छ ।

## धारा १३ : गोपनीयता

सार्वजनिक हितको विषयसँग असान्दर्भिक वा असम्बन्धित आरोपहरू सार्वजनिक गर्ने, वा निजी फोटोहरू वा व्यक्तिगत चिठीपत्र वा कुराकानीहरू, वा विश्वासको आधारमा दिइएका

जानकारीहरू अनुमतिबिना प्रकाशित, प्रसारित गरिनु हुँदैन । यस्ता कामबाट संरक्षित हुने अधिकार सबैसँग छ । व्यक्तिगत कुराकानीबाट वा कार्यालय/कार्यस्थलबाट वा लेनदेन व्यवहार वा व्यावसायिक कारोबारबाट प्राप्त जानकारी वा सूचना सामग्री तथा तथ्यांक (डाटाबेस) लाई अनधिकृत व्यापारिक वा सामान्य गुप्तचरीको उद्देश्यले उपयोग गर्नुहुँदैन । तर, गोपनीयताको हकले अभिव्यक्ति स्वतन्त्रता वा न्याय सम्पादनमा अनुचित ढंगले हस्तक्षेप नगरोस् भन्ने कुरामा राज्यले ध्यान दिनुपर्छ ।

## धारा १४ : हानीनोक्सानी

घृणा, पूर्वाग्रह, हिंसा तथा युद्ध भडकाउने कुराको विरोधमा मिडियालाई सक्रिय रूपले लगाउन माग गर्ने अधिकार सबैसँग छ । हिंसालाई सामान्य, "बहादुरी" वा रमाइलो गर्ने कुराको रूपमा प्रस्तुत गरिनु हुँदैन, तथा हिंसाको वास्तविक परिणाम र हिंसाका विकल्पहरू देखाउनु पर्छ । मानव गरिमा र सम्मानलाई उल्लंघन गर्ने वा नोक्सान गर्ने विभिन्न कुराहरूमध्ये मानिसहरूको जीवनको वास्तविकतालाई बंग्याउने वा विकृत, वा जटिल रूपले, परम्परागत/पूर्वाग्रही ढंगले प्रस्तुत गर्ने कुराहरू पर्छन् । यस्ता कुराहरू हटाइनु पर्छ । लिंग, वर्ण, जात, वर्ग, जनजाति, भाषा, लैंगिक धारणा वा सामाजिक वा आर्थिक हैसियत तथा शारीरिक

वा मानसिक अवस्थाको आधारमा मिडियाले कसैलाई पनि व्यंग्य गर्न, समाजमा घृणित रूपले देखाउन/चित्रित गर्न वा अमानवीय रूपले प्रस्तुत गर्न हुँदैन ।

## धारा १५ : न्याय

न्यायालयहरूमा चलिरहेका वा विचाराधीन मुद्दाहरू, मुद्दाको सुनुवाइ वा इजलासमा हुने बहसको बारेमा समाचार दिंदा मिडियालाई निश्चित प्रक्रियामा आधारित मापदण्ड पालन गर्न लगाउने अधिकार सबैसँग छ । यसअनुसार कुनै अभियोग वा आरोपको फैसला नभई मिडियाले कसैलाई अपराधी ठान्नु हुँदैन, प्रतिवादीको गोपनीयतामाथि हस्तक्षेप गर्नु हुँदैन, तथा अपराधसम्बन्धी सुनुवाइ चलिरहेको घटना वा दृश्यलाई टेलिभिजनबाट प्रत्यक्ष/उही समयमा प्रसारण गर्नु हुँदैन ।

## धारा १६ : उपभोग

उपयोगी र तथ्ययुक्त उपभोग्य जानकारी पाउने र भ्रमात्मक तथा बंग्याइएको सूचना पाउनबाट जोगिने अधिकार सबैसँग छ । समाचार तथा मनोरंजनको खोल ओढाएर प्रस्तुत गरिने कार्यक्रम (व्यापारिक स्वार्थ लुकेको मनोरंजन, मनोरंजन कार्यक्रमभित्रकै दृश्यमा बिकाऊ सामानहरूको प्रदर्शन वा ती कार्यक्रमका कलाकारहरूले बिकाउने सामानको उपयोग गरेको दृश्य, सामान

बिकाउने चरित्र वा खेलौना भएका बाल कार्यक्रहरू, इत्यादि), तथा काम नलाग्ने, अनावश्यक, हानीकारक वा वातावरणीय दृष्टिले हानीकारक बस्तुहरूको माग, अवश्यकता, उत्पादन र गतिविधिहरूलाई बढाउने काम मिडियाले परित्याग गर्नुपर्छ र आवश्यक परेको खण्डमा तिनको भण्डाफोर गर्नुपर्छ । केटाकेटीहरूलाई लक्षित गरेर बनाइने विज्ञापनलाई विशेष गरी सूक्ष्म रूपले जाँच्नुपर्छ ।

## धारा १७ : उत्तरदायित्व

मिडियालाई आमजनताप्रति उत्तरदायी बनाउने र यो बडापत्र पालन गर्न लगाउने अधिकार सबैसँग छ । यो उद्देश्य पूरा गर्न मिडियाले यो सहमति पालन भएनभएको अनुगमन गर्न र गराउन स्वअनुशासन वा आत्म नियमनलगायतको संयन्त्र स्थापना गर्नुपर्छ ।

## धारा १८ : कार्यान्वयन

यो बडापत्रलाई प्रचारप्रसार गर्न, सकेसम्म धेरै मुलुक तथा अन्तर्राष्ट्रिय कानुनमा यसलाई लागू गर्न, यसमा भएका मापदण्डअनुरूप मुलुकहरू र मिडियाको काम अनुगमन र मूल्यांकन गर्न, यसको उल्लंघनबारे उजुरी सुन्न, उपचारका पर्याप्त उपायहरूबारे सुझाव दिन, तथा यो बडापत्रको आवधिक समीक्षा

गर्ने प्रक्रिया बनाउन, यसको विकास र परिमार्जन गर्नका लागि हस्ताक्षरकर्ताहरूको सल्लाह र सहमतिमा, राष्ट्रिय र अन्तर्राष्ट्रिय संयन्त्रहरू स्थापना/गठन गरिनेछन् ।

### सहायक अन्तर्राष्ट्रिय सन्धिहरू

जनताको संचार अधिकार बडापत्रमा उल्लेख भएका कुराहरू व्यापक तथा विभिन्न अन्तर्राष्ट्रिय सन्धि र सम्झौताहरूमा आधारित छन् । हाल प्रोफेसर सिस हेमेलिंकले तयार पारेको एउटा वेबसाइटमा एउटै साइटमा महत्वपूर्ण सन्धिहरू संकलन गरिएका छन् । तपाईंले तलको वेब ठेगानामा त्यो वेबसाइट हेर्नसक्नुहुन्छ । http://www.unesco.org/webworld/com/compendium/sub_content

## ४.२ पत्रकार आचार संहिता २०६०

### प्रस्तावना

स्वस्थ पत्रकारिताको विकासका निम्ति आमसंचार माध्यम र पत्रकारलाई जिम्मेवार र व्यावसायिक बनाई प्रेस स्वतन्त्रताको

सम्वर्द्धन गर्दै यसको दुरूपयोग हुन नदिन तथा राष्ट्र र समाजप्रति बढी उत्तरदायी बनाउन एवं नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रत्याभूत स्वतन्त्रता र हक अधिकारको जगेर्ना गर्दै जनतालाई सुसूचित गर्ने मूलभूत उद्देश्यले समसामयिक अन्तर्राष्ट्रिय प्रचलन र मान्यताहरूलाई समायोजन गरी आमसंचारका सबै माध्यमहरूलाई समेत समेटेर मौजुदा आचार संहितामा परिमार्जन गर्न वाञ्छनीय भएकोले नेपाल पत्रकार महासंघ समेतको सहमतिमा प्रेस काउन्सिल ऐनको दफा (७) को (ख) बमोजिम यो पत्रकार आचार संहिता २०६० बनाई जारी गरिएको छ ।

## १ नाम, प्रारम्भ र विस्तार :

१. यस आचार संहिताको नाम 'पत्रकार आचार संहिता, २०६०' रहेको छ ।

२ . यो आचारसंहिता तुरून्त लागु हुनेछ ।

३. यो आचार संहिता नेपाल अधिराज्यभित्र कार्यरत सम्पूर्ण पत्रकार तथा आमसंचार माध्यमहरूलाई लागू हुनेछ ।

## २ परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संहितामा–

क) 'पत्रकार' भन्नाने छापा, विद्युतीय तथा अनलाइनजस्ता कुनै पनि प्रकृतिका संचार माध्यममा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन र सम्प्रेषण जस्ता कार्यसँग आवद्ध प्रधान सम्पादक, सम्पादक, सम्पादक मण्डलका सदस्यहरू, संवाददाता, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता तथा संचालक, साजसज्जा, दृष्य तथा भाषा सम्पादकजस्ता पत्रकारिता पेशासँग सम्बन्धित संचारकर्मीहरूलाई जनाउँछ ।

ख) 'संचार माध्यम' भन्नाले नेपाल अधिराज्यमा संचालित पत्रपत्रिका, रेडियो एवं टेलिभिजन प्रसारणहरू तथा इन्टरनेटका समाचार र विचारमूलक अनलाइन सेवाहरू समेतलाई जनाउँछ ।

ग) 'काउन्सिल' भन्नाले प्रेस काउन्सिल नेपाललाई जनाउँछ ।

**३ पत्रकार तथा संचार माध्यमहरूले देहायका कर्तव्य निर्वाह गर्नेछन् :**

१. **प्रेस स्वतन्त्रताको संरक्षण र सम्बर्द्धन** : विचार र

अभिव्यक्ति स्वतन्त्रता नागरिकहरूको आधारभूत अधिकार भएकाले यसको संरक्षण र सम्वर्द्धनका निम्ति सदैव दृढ, सजग र सतर्क रहनु पर्दछ ।

२. **मानव अधिकार र अन्तर्राष्ट्रिय सम्बन्धको सम्मान** : मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूले प्रत्याभूत गरेका हक, अधिकार, सिद्धान्त मान्यता र प्रचलनको सम्मान गर्दै प्रजातन्त्र, न्याय, समानता, शान्ति र अन्तर्राष्ट्रिय समभ्रुदारीको संरक्षण र सम्वर्द्धन तथा मित्र राष्ट्रहरूबीचको भाइचारालाई अभिवृद्धि गर्नुपर्दछ ।

३. **सूचनाको हकको रक्षा र प्रचलन** : आम नागरिकको सुसूचित हुन पाउने हक अधिकारको रक्षा गर्न सदैव क्रियाशील एवं समर्पित रहनुपर्दछ ।

४. **सत्य तथ्य सूचनाको सम्प्रेषण** : व्यावसायिक पत्रकारिताको लक्ष्य हासिल गर्न सत्य-तथ्य, निष्पक्ष एवं सन्तुलित सूचना सम्प्रेषण गर्नुपर्दछ ।

५. **सम्पादकीय स्वतन्त्रता** : संचार माध्यमबाट प्रकाशित-प्रसारित सामग्रीको उत्पादन तथा सम्प्रेषणप्रतिको जिम्मेवारी र उत्तरदायित्व पत्रकारमा हुनुपर्दछ ।

६ **गोपनीयताको हकको सम्मान** : सार्वजनिक हितमा प्रतिकूल असर पार्ने बाहेकको अवस्थामा वैयक्तिक एवं व्यावसायिक गोपनीयताको सम्मान गर्नुपर्दछ ।

७ **उच्च व्यावसायिक अभ्यास** : पत्रकारिताका आधारभूत मान्यता र सिद्धान्तप्रति प्रतिबद्ध रही जवाफदेही एवं उत्तरदायित्व तथा विश्वसनीयताको निर्वाह गर्न उच्च व्यावसायिक अभ्यास गर्नुपर्दछ ।

८. **शिष्ट व्यवहार** : व्यावसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवं मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजग रहनुपर्दछ ।

९. **गल्ती सच्याउने तत्परता** : प्रकाशन तथा प्रसारणमा भएका त्रुटि एवं गल्तीको जानकारी हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवं त्रुटिलाई सच्चाउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रष्ट भाषामा उचित स्थान दिई प्रकाशन-प्रसारण गर्नुपर्दछ ।

१०. **सामाजिक उत्तरदायित्व** : अशक्त, असहाय, अपाङ्ग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषा-भाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा

सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुऱ्याउने सामाजिक उत्तरदायित्व हुनेछ ।

११. **आपसी सम्बन्ध** : पत्रकार तथा संचार माध्यमहरूबीचको आपसी सम्बन्ध व्यावसायिक, स्वस्थ, संयमित, मर्यादित र सुमधुर रहनु पर्दछ ।

## ४ पत्रकार तथा सञ्चार माध्यमहरूले देहायका कार्यहरू गर्ने छैनन् :

१. **राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्न नहुने** : बहुभाषिक, बहुधार्मिक र बहुजातीय मुलुक नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पार्ने वा गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने समाचार र विचार प्रकाशन तथा प्रसारण गर्नुहुँदैन ।

२. **सामाजिक संरचनामा प्रतिकूल असर पार्न नहुने** : सामाजिक संरचनामा प्रतिकूल असर पुऱ्याउने तथा व्यावसायिक मर्यादा विपरीत हुने विकृत र उत्तेजक सामग्री प्रकाशन तथा प्रसारण गर्नु हुँदैन ।

३. **समाचारको स्रोत खोल्न नहुने** : समाचार प्रस्तुत गर्दा समाचारको आधिकारिकता र विश्वसनीयताका लागि स्रोत उल्लेख गर्नु पर्दछ तर गोप्य स्रोतको संरक्षण गर्ने दायित्व पत्रकारको हुने हुँदा श्रोतको इच्छा र अनुमतिबेगर त्यस्ता गोप्य स्रोतको नाम वा पहिचान गोप्य राख्नुपर्दछ ।

४. **निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने** : प्रकाशन-प्रसारण गर्ने उद्देश्यले लिइएका सूचना सामग्री निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्नु हुँदैन ।

५. **भेदभाव हुने गरी सूचनाको सम्प्रेषण गर्न नहुने** : जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रङ्गजस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्नुहुँदैन ।

६. **पीडितलाई थप पीडा पुग्ने गरी सूचना सम्प्रेषण गर्न नहुने** : पीडितलाई थप पीडा पुग्नेगरी भाषा, तस्वीर, चित्र र दृष्यसमेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन-प्रसारण गर्नु हुँदैन ।

७. **पीडित व्यक्तिको नाम, ठेगाना प्रकाशन गर्न नहुने** : यौनजन्य अपराध र सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरूको नाम, ठेगाना र पहिचान खुल्ने गरी समाचार, तस्वीर र दृष्य प्रकाशन-प्रसारण गर्नुहुँदैन ।

८. **हिंसा आतंक र अपराधलाई प्रोत्साहन गर्न नहुने** : विध्वंश, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुने गरी तथा त्यस्ता क्रियाकलापलाई अतिरञ्जित गर्ने गरी समाचार, विचार, तस्वीर र दृष्यहरू प्रस्तुत गर्नुहुँदैन ।

९. **घृणा र उत्तेजना फैलिने गरी विभत्स दृष्य र तस्वीर प्रकाशन प्रसारण गर्न नहुने** : क्षतविक्षत, विभत्स र घृणा फैलाउने किसिमका दृष्य एवं तस्वीरहरू असान्दर्भिक, अश्लील र उत्तेजना फैलिनेसक्ने प्रकारले प्रस्तुत गर्नु हुँदैन ।

१०. **घटनासँग असम्वन्धित व्यक्तिको नाम उल्लेख गर्न नहुने** : कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम जोडी उसको मर्यादामा आँच

पुग्ने वा चरित्र हत्या हुने गरी समाचार प्रस्तुत गर्नु हुँदैन ।

११. **तथ्यहीन समाचार प्रकाशन गर्न नहुने** : तथ्यलाई तोडमोड गरी बङ्ग्याउने, अनुचित लाभका लागि दिग्भ्रमित पार्ने तथा तथ्यहीन टिप्पणीलाई समाचारको रूपमा प्रस्तुत गर्नुहुँदैन ।

१२. **विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्न नहुने** : विज्ञापनलाई समाचारको रूपमा प्रस्तुत गर्न, विज्ञापन गरेर समाचारको खण्डन गर्न तथा एउटा सञ्चार माध्यमबाट प्रकाशित प्रसारित समाचारको खण्डन सामान्यतः अर्को सञ्चार माध्यमले गर्नु हुँदैन ।

१३. **स्रोत उद्धृत नगरी समाचार उपयोग गर्न नहुने** : कुनै समाचार संस्था वा माध्यमले प्रवाहित गरेको समाचार सामग्री उपयोग गर्दा त्यसको मूल स्रोत उद्धृत नगरी प्रकाशन वा प्रसारण गर्नु हुँदैन ।

५ **खारेजी** : पत्रकार आचार संहिता, २०५५ खारेज गरिएको छ ।

# आफ्नो अनुभवबाट

# आफ्नो अनुभवबाट

## *आफ्नो अनुभवबाट*

# आफ्नो अनुभवबाट

# आफ्नो अनुभवबाट

# आफ्नो अनुभवबाट

# आफ्नो अनुभवबाट

# आफ्नो अनुभवबाट

# आफ्नो अनुभवबाट

# आफ्नो अनुभवबाट

# आफ्नो अनुभवबाट

संचार अधिकार केन्द्र

**मिडिया सर्भिसेज इन्टरनेसनल**
थापाथली, काठमाडौं
पोब.नं. ३०९४, काठमाडौं, नेपाल ।
फोन/फ्याक्स : ४२६६८२१
**eMail** msi@mail.com.np
**www.msinepal.com**

ISBN 999-46-32-40X
9 789994 632404